# परिच्छेद-एक
# परिचय

## १.१ पृष्ठभूमि

मानिसहरूले आफ्नो जीवनकालमा समाजका अन्य व्यक्तिहरुसँग परिस्थिति अनुसार चल्नुपर्ने व्यवहारसम्बन्धी ज्ञान दिने शास्त्र/शिक्षालाई सामाजिक शिक्षा भनिन्छ । सामाजिक शिक्षाले मानव व्यवहार सम्बन्धि कार्यप्रणालीका कुरा जस्तैः एकता, रहनसहन, आवश्यकताको परिपूर्ति, मायाँ, घृणा आदि केकसरी सञ्चालन हुन्छ ? र अन्य व्यक्तिसँगको सम्बन्ध, भौतिक र सामाजिक वातावरण आदिको अन्तरक्रिया अध्ययन नै यसको प्रमुख क्षेत्र मानिन्छ । यस सम्बन्धमा गुडले शब्दकोषमा दिइएअनुसार “प्राथमिक र माध्यमिक विद्यालयलाई उपयुक्त सामाीजक विज्ञानका इतिहास, भूगोल, अर्थशास्त्र, राजनीतिशास्त्र विषयबाट तयार गरिएको पाठ्यांशलाई नै सामाजिक शिक्षा भनिन्छ ।”

यस विषयको विकासक्रमबारे अध्ययन गर्दा प्राचीन समयमा सामाजिक शिक्षा छुट्टै विषयको रुपमा थिएन । समाजशास्त्र इतिहास भूगोल अर्थशास्त्र, नीतिशास्त्र, धर्मशास्त्र जस्ता वषयका केही एकाईहरु समावेश गरी एकिकृत विषयको रुपमा सामाजिक शिक्षा विषयको विषयवस्तुहरु पाठ्यक्रममा समावेश गरेको पाइन्छ । प्रथम विश्वयुद्धपश्चात् यसको अध्ययन लोकप्रिय बन्दै गयो । अमेरिकी विद्यालयमा सन् १९२० देखि १९५५ को समयलाई “सामाजिक ज्ञानको युग”भनिन्छ । यस विषयको अध्ययनबाट त्यहाँका बालबालिकाहरूमा सामाजिकताको भावना बढ्नुका साथै उनीहरूमा सक्रीय, सजग र सच्चरित्र नागरिक बन्न समर्थ भयौं भन्ने धारणाको विकास भयो । दोस्रो विश्वयुद्धपछि विभिन्न देशहरूले शिक्षा पाठ्यक्रममा यसलाई पनि समावेश गरे । त्यसपछि यसको स्वरूप बारे प्रशस्त अनुसन्धान भए फलस्वरूप वर्तमान अवस्थामा यस विषयलाई छुट्टै अध्ययन नगरी ती सामाजिक विज्ञानको समन्वयात्मक र एकीकृत रूपले अध्ययन गर्ने विषयका रूपमा राखेको पाइन्छ । यसो गर्नाले सामाजिक अध्ययनमा वैज्ञानिकता आउनुका साथै एक मनोवैज्ञानिक समस्याको समाधान पनि हुन गएको छ ।

नेपालमा वि.सं. २००८ सालमा गठित राष्ट्रिय योजना आयोगको सिफारिसमा सर्वप्रथम ‘सामाजिक अध्ययन’ शब्दावलीको प्रयोग भयो । सोही आयोगको सिफारिस अनुसार नेपालमा वि.सं. २०११ (१९५४) सालदेखि सामाजिक अध्ययनको प्रारम्भ भयो र वि.सं. २०१३ (सन् १९५६) सालमा तत्कालीन कलेज अफ एजुकेसनको पाठ्यक्रममा समावेश गरिएको थियो । सर्वप्रथम लेबोरेटरी स्कुलमा यसको परीक्षण गरियो । वि.सं. २०१७ सालमा प्राथमिक शिक्षा पाठ्यक्रममा यो विषय सञ्चालन गरियो । वि.सं. २०१८ सालको सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको सिफारिसमा केही संशोधन गरी अधिराज्यभरका विद्यालयहरूमा यसलाई सञ्चालन

गरियो । वि.सं. २०३० सालदेखि उच्च शिक्षामा शिक्षाशास्त्र अध्ययन संस्थान अन्तर्गत प्रविणता प्रमाण पत्र तहमा सामाजिक अध्ययन विषयलाई समावेश गरियो । त्यस्तै गरी स्नातक तहमा सामाजिक विज्ञानका विषयहरू अध्ययन गर्ने विद्यार्थीहरूको लागि सामाजिक अध्ययन अनिवार्य गरिएकामा वि.सं २०५५ सालदेखि सामाजिक अध्ययन सबैका लागि अनिवार्य विषयका रूपमा राखिएको छ । यसरी त्रिभुवन विश्वविद्यालयका साथै नेपाल संस्कृत विश्वविद्यालय र काठमाडौं विश्वविद्यालयमा स्नातक तहमा सामाजिक अध्ययन विषयका पठनपाठन हुँदै आएको छ । वि.सं. २०५७ सालदेखि विद्यालय तहमा सामाजिक अध्ययनलाई कक्षा एकदेखि दससम्म अनिवार्य विषयका रूपमा समावेश गरिएको छ । उच्च मा.वि. तहमा सामाजिक अध्ययनलाई ऐच्छिक विषयका रूपमा राखिएको छ ।

सामाजिक अध्ययन वर्तमान पाठ्यक्रममा नवीन विषयका रुपमा समावेश गरिएको छ । पाठ्यपुस्तक तयार पार्दा परम्परागत प्रबन्धात्मक / वर्णनात्मक शैलीलाई मात्र अवलम्बन नगरी कथा, कविता, संवाद र खेलको माध्यमबाट प्रस्तुत गरी पाठ्सामग्रीलाई विद्यार्थी केन्द्रित र क्रियाकलापमुखी बनाइएको छ । पाठ्यपुस्तकको नयाँ धारणा अनुसार पाठ्यवस्तु प्रस्तुत गर्दा एकापट्टि पाठ्यवस्तु र अर्कापट्टि क्रियाकलाप तथा समुदायको प्रयोग रहने गरी द्विपृष्ठात्मक प्रारुप तय गरिएको छ । त्यसैगरी प्रत्येक एकाईको अन्त्यमा पाठ्यवस्तुको सारांश राखिएको छ । सामाजिक अध्ययन सामाजिक विज्ञानसँग सम्बन्धित हुने भए पनि यो सामाजिक विज्ञानको प्रभाव पक्षसँग मात्र निकट रहेको हुन्छ । यसले विद्यार्थीहरुलाई क्रियाकलाप गर्न, सामग्री संकलन गर्न, प्रतिवेदत तयार पार्न र अभिप्रेरणा जगाउन भने महत्वपूर्ण सहयोग पुर्‍याउने छ । सामाजिक शिक्षाको अवधारणा नै “पढेर भन्दा गरेर सिक” भन्ने भएकाले यसमा सैद्धान्तिक ज्ञानलाई भन्दा व्यावहारिक ज्ञानलाई प्रधानता दिनुका साथै लैङ्गिक, क्षेत्रीय, जातीय र सांस्कृतिक समानतालाई विचार गरी सन्तुलित रुपमा पाठ्यवस्तु प्रस्तुत गर्ने प्रयत्न गरिएको छ । आजको परिप्रेक्ष्यमा सामाजिक अध्ययन एक चुनौतीपूर्ण रुपमा देखा परिरहेका बेला सिर्जनशीलता एवम् रचनात्मकतातिर उन्मुख यो विषय विद्यार्थीहरुलाई व्यावहारिक शिक्षा दिन उपयोगी सिद्ध हुनेछ । (सामाजिक अध्ययन कक्षा ९)

सामाजिक अध्ययन के हो ? यसले के के कुराको अध्ययन गर्दछ ? अर्थात् यसमा कस्ता खालका विषयवस्तु समावेश हुन्छन् भन्ने बारेमा धेरै विद्वान् तथा समाजशास्त्रीहरुले आ-आफ्ना विचार अगाडि सारेका छन् । यस सम्बन्धमा जोन जेरोलिमिकले आफ्नो पुस्तक Social Studies in Elementary School मा सामाजिक अध्ययनको परिभाषा दिँदै लेख्छन्- “सामाजिक अध्ययन मानिससँगको र मानिसको वातावरणसँगको सम्बन्धको अध्ययन हो” यस परिभाषाबाट सामाजिक अध्ययनले मानवीय सम्बन्धमा बढी जोड दिन्छ भन्ने थाहा पाइन्छ ।

त्यसै हुनाले संसारमा शान्ति सहिष्णुता तथा सद्भाव कायम राख्न सामाजिक अध्ययनको आवश्यकता पर्न गएको हो (सामाजिक शिक्षा शिक्षक स्रोत सामग्री, २०६०) ।

प्राथमिक शिक्षा पाठ्यक्रम दिग्दर्शन (२०५०) अनुसार मानिसहरुले आफ्नो जीवनको मौलिक आवश्यकतालाई पूर्ति गर्न आफ्नो कार्यक्रम तथा वातावरणलाई मिलाउने तरिका सम्बन्धी अध्ययनलाई सामाजिक अध्ययन भनिन्छ ।

सामाजिक अध्ययनको पाठ्यक्रम विभिन्न नौओटा क्षेत्रलाई समेटेर एकीकृत रूपमा तयार गरिएको छ । यसमा उल्लेख गरिएका विषयवस्तुहरूको अध्ययनअध्यापन गराउँदा सबै क्षेत्रलाई उत्तिकै महत्व दिनुपर्ने हुन्छ । सम्बन्धित विषयवस्तुको एकिकृत रूपमा अध्ययन गराई विषयवस्तुको ज्ञान, सीप र धारणाको विकास गराउनुपर्दछ । विषयवस्तुको व्यवहारिक ज्ञान दिनका लागि कक्षाभित्र वा बाहिर आ-आफ्नो टोल, समुदायहरूसँग सम्बन्ध राखी समुदायसँग सम्बन्धित क्रियाकलाप गराउनुपर्दछ । यी विषयवस्तुलाई जस्ताको तस्तै कण्ठ गराउने शिक्षण पद्धतिलाई निरुत्साहन गरी विद्यार्थीहरूलाई आ-आफ्ना समुदायमा खोज गरी सिर्जनात्मक प्रतिभाको विकास गर्न प्रोत्साहित गरिनुपर्दछ ।

सामाजिक अध्ययनले विद्यार्थीहरूले कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्वीर, नक्सा जस्ता सिर्जनशीलताका भाषाको पक्ष सृजनात्मक पक्षलाई जोड्ने क्षेत्रहरुमा भाव अभिव्यक्त गरुन् र त्यस्ता कुरामा सिर्जनात्मक सीपको समेत विकास होस् भन्ने लक्ष्य राखेको छ । यी सबै सीपहरूको विकास गर्न सबै विद्यार्थीहरू सक्षम  नहुन पनि सक्छन् त्यसैले उनीहरूलाई आफ्ना रुचि अनुसार सीपहरूको विकास गर्न प्रोत्साहित गर्नुपर्दछ । यसका निम्ति शिक्षकद्धारा निर्मित बार्षिक कार्ययोजनाको ठूलो भूमिका रहन्छ ।

विद्यार्थीहरूलाई “गर र सिक” भन्ने धारणाको अभिवृत्ति गराउनु र विद्यार्थीहरूमा व्यवहारिक परिवर्तन ल्याउनु नै सामाजिक अध्ययन विषयको मूल लक्ष्य हो । यो विषयअध्ययन गर्दा विभिन्न प्रकारका विद्यार्थी केन्द्रित शिक्षण विधिहरू प्रयोग गर्न सकिन्छ । केही नमूना विधिहरू यसप्रकार छन् :

| | | |
|---|---|---|
| (क) प्रश्नोत्तर विधि | (ख) प्रदर्शन विधि | (ग) छलफल विधि |
| (घ) समस्यासमाधान विधि | (ङ) अवलोकन विधि | (घ) खोज विधि |
| (छ) अभिनय विधि | (ज) परियोजना विधि | (झ) प्रयोगात्मक विधि |
| (ञ) क्षेत्रभ्रमण विधि | (ट( आगमन विधि | |

यी विधिहरू नमूना मात्र हुन् । स्थानीय परिवेश, विषयवस्तुको प्रकृति र स्वरूपका आधारमा शिक्षण विधिमा विविधता ल्याउन सकिन्छ । जुनसुकै क्रियाकलाप गराउँदा पनि विद्यार्थी केन्द्रित हुनु आवश्यक हुन्छ । अध्यापन गर्दा विद्यार्थीहरूको सहभागितालाई प्रोत्साहित गर्नुपर्दछ । विद्यार्थीहरू आफैलाई कुनै कुनै समस्या समाधान गर्न गाह्रो पर्न सक्छ । त्यस्तो अवस्थामा मात्र कमीकमजोरीलाई राम्ररी केलाई शिक्षकद्धारा सहयोग पुऱ्याई समाधान गरिदिनुपर्दछ । विद्यार्थीहरू सिर्जना र प्रतिभाकद्धघा भण्डार हुन् । त्यसैले उनीहरूलाई सिक्नका लागि उपयुक्त वातावरण सिर्जना गरिदिनुपर्दछ । शिक्षलके एउटा सहजकर्ताका रूपमा विद्यार्थीहरूलाई सही बाटो देखाउन सहयोग पुऱ्याउनुपर्दछ (माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४) ।

सामाजिक शिक्षा शिक्षण प्रभावकारी बनाउनका लागि सिर्जनशील शिक्षकले कौसलतापूर्ण ढंगमा सामाजिक शिक्षाका लागि शैक्षिक सामग्री छानवीन तथा प्रयोग गर्नुपर्दछ । आजको यूगमा केवल पाठ्यपुस्तक मात्र शिक्षण साधन हुन सक्दैन । शिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीहरू श्रव्य सामग्री, दृश्य सामग्री, मुद्रित सामग्री र श्रव्यदृश्य सामग्रीहरू पर्दछन् । जसअन्तर्गत निम्नलिखित रहेका छन् :

श्रव्य सामग्रीहरू : रेडियो, टेपरिकर्डर, ग्रामोफोन हुन । दृश्य सामग्रीहरूः ग्लोव, नक्शा, ग्राफ, चार्ट, फ्लाटिन पाटी, सूचना पाटी, कालोपाटी हुन् । त्यसैगरी मुद्रित सामग्रीहरू पुस्तक, पत्रपत्रिका र अखबार, पम्प्लेट हुन् र श्रव्यदृश्य सामग्रीहरू नाटक, सिनेमा, टेलिभिजन, मिडिया पर्दछन् । शिक्षामा प्रयोग हुने शैक्षणिक श्रव्य-दृश्य सामग्रीहरूमध्ये सामाजिक अध्ययन शिक्षणमा अत्यधिक मात्रामा प्रयोग गरिने दृश्य सामग्रीहरू पर्दछन् । दृश्य सामग्रीलाई व्याख्याको आवश्यकता पर्दछ ।

हाम्रा विद्यालयहरूमा विशेष गरी सामाजिक शिक्षा विषय शिक्षण गर्दा विषयवस्तु अनुसार शिक्षण विधि तथा सामग्री प्रयोग नगरेको अवस्था देखिन्छ । यस्तो हुनुमा विभिन्न अध्ययन अनुसन्धानले निष्कर्ष निकाली समस्याहरू औल्याएको पाइएको छ । सम्बन्धित विषय शिक्षक नभई अन्यशिक्षलके पढाउनुपर्ने वाध्यता देखिन्छ । स्रोत, साधन विद्यालयमा प्रभावकारी रूपमा नहुनु, शिक्षकलाई समयअनुकूल तालिमको व्यवस्था नहुनु, आवश्यक रूपमा प्रभावकारी ढंगबाट सुपरिवेक्षण नहुनु, शिक्षण पेशाप्रति उत्साहिपनको अभाव हुनु, शिक्षण र परम्परागत प्रणालीमा पहिचान, सरोकारवालाहरूले शिक्षणप्रति कम चासो दिनु, शिक्षामा राष्ट्रको लगानी कम हुनु जस्ता विविध समस्याले गर्दा विषयवस्तु अुनसार उपयुक्त शिक्षण विधि र शिक्षण सामग्री प्रयोग नगरेको पाइन्छ ।

**अध्ययन क्षेत्रको परिचय**

अध्ययन क्षेत्र दोलखा जिल्ला काठमाडौंबाट पूर्वी क्षेत्रमा रहेको छ । नेपाल राज्यको कुल क्षेत्रफलको १.४९% भू-भाग ओगटेको दोलखा जिल्ला मध्यमाञ्चल विकास क्षेत्रको जनकपुर अञ्चलमा पर्दछ । जनकपुर अञ्चलको तीनवटा पहाडी जिल्ला मध्ये एक उच्च पहाडी जिल्ला हो । जिल्लाको सदरमुकाम चरिकोट हो । यो भिमेश्वर नगरपालिकामा रहेको छ । समुद्री सतहबाट जिल्ला सदरमुकाम १,९७० मिटरको उचाईमा रहेको छ । काठमाडौंबाट १३२ कि.मी. उत्तर पूर्वको दुरिमा जिल्लाको सदरमुकाम चरिकोट रहेको छ । पृथ्वीको मानचित्रमा २७°२८' उत्तरदेखि २८°००' उत्तरी र ८५°५०' पूर्वदेखि ८६°३२' पूर्वी देशान्तरका विचमा फैलिएर रहेको छ । जिल्लाको न्यूनतम उचाई समुन्द्रि सतहबाट ७३२ मी. रहेको छ भने अधिक्तम उचाई ७,१४८ मिटर (गौरीशंकर हिमाल) रहेको छ । दोलखा जिल्लाको उत्तरमा चिनको स्वसासित क्षेत्र तिब्बत, दक्षिणमा रामेछाप जिल्ला पूर्वमा रामेछाप र सोलुखुम्ब जिल्ला र पश्चिममा सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्ला रहेका छन् । यस जिल्लाको कुल क्षेत्रफल २,१९१ वर्ग किलोमिटर रहेको छ ।

यस दोलखा जिल्लामा न्यानो समशितोष्ण, ठण्डा शितोष्ण लेकाली र टुण्ड्रा हावापानी पाइन्छ । गौरीशंकर हिमाल, छो-रोल्पा हिमताल नदिनालामा तामाकोशी, सुनकोशी, भोटेकोशी नदी त्यसैगरी भिमेश्वर मन्दिर, कालिञ्चोक मन्दिर पनि यसै जिल्लामा रहेको हुँदा यो जिल्ला प्राकृतिक दृष्टिकोणले रमणिय रहेको छ । त्यस्तै भू-उपयोगमा जंगल (५९.३४%) ११८३०५ वर्ग किलोमटिर, चरन ५४८ हेक्टर, (२७.४७%) ५४७७८ वर्गकिलोमरटर वा ११८.१ हेक्टर कृषियोग्य जमिन, ५२९१३ वर्ग कि.मी. (११.४९%) हिउँले ढाकेर रहेको छ । यस जिल्लामा कुल जनसंख्या २,०४,२२९ रहेकोमा ९९,९९३ पुरुष र महिला १०४२६६ रहेका छन् । औषत परिवार संख्या ४.७३, जनसंख्या बृद्धिदर १.६५ प्रतिशत, परिवार संख्या ४३१६५ र जनघनत्व ९३ प्रति वर्ग कि.मी. रहेको छ । जातिय आधारमा क्षेत्री ३३.०८ प्रतिशत, ब्राह्मण १०.६८ प्रतिशत, तामाङ १५.७ प्रतिशत, थामी ७.१२ प्रतिशत र बाँकी अन्य रहेका छन् । धर्मको आधारमा हिन्दु धर्म मान्ने ७२.४३ प्रतिशत, बौद्ध २३.९२ प्रतिशत, किरात १.३२ प्रतिशत र बाँकी अन्य रहेका छन् । यस जिल्लाको शैक्षिक अवस्थालाई हेर्दा पुरुष साक्षरता दर ६४ प्रतिशत, महिला साक्षरता दर ३.८० प्रतिशत, दुवैको साक्षरता दर ५१.१० प्रतिशत रहेको छ । विद्यालय अन्तर्गत प्राथमिक विद्यालय संख्या २६४, त्यस्तै निम्न माध्यमिक विद्यालय संख्या ४० माध्यमिक र उच्च माध्यमिक सहित ५१ र क्याम्पस १ रहेको पाइन्छ । हाल नेपालका सामुदायिक विद्यालयमा विशेषगरी माध्यमिक तहमा सामाजिक शिक्षा विषय अध्यापन गराउने शिक्षकको अवस्थालाई विश्लेषण गर्दा देशका विभिन्न विद्यालयहरुमा फरक-फरक विषयमा स्नातक शिक्षाशास्त्र विषयमा स्नातक गरेका वा सो सरह योग्यता प्राप्त गरेका विषय शिक्षकले सो विषय अध्यापन गराएको पाइन्छ ।

विशेष गरी यस अनुसन्धान कार्यका लागि नमूना छनोटको रुपमा छनोट भएको दोलखा जिल्लामा अध्यापन गराउने शिक्षकहरुको पनि त्यस्तै अवस्था छ । सामाजिक शिक्षा अर्थशास्त्र भूगोल अङ्ग्रेजी विषयमा विशिष्टीकरण गरेका व्यक्तिले सो विषय शिक्षण गरेको पाइन्छ ।

### १.२ समस्याको कथन

सामाजिक शिक्षा विषयलाई प्रभावकारी ढङ्गबाट पठनपाठन गर्नको लागि यसको अध्ययन अध्यापनमा विषयशिक्षकको विषयप्रतिको सकारात्मक धारणा तथा उपयूक्त खालको शिक्षण विधि र सामग्रीको महत्वपूर्ण स्थान रहन्छ । सामाजिक शिक्षा अध्यापनरत विषय शिक्षकको विषयप्रतिको कस्तो खालको धारणा निर्माण गर्दछन् ? सामाजिक शिक्षा एउटा समाजशास्त्रका भूगोलको इतिहासको अर्थशास्त्रको प्रतिनिधित्व गर्ने एउटा सामाजिक अध्ययन गर्ने विषय हो । त्यसैले यसमा व्यावहारिक विषयवस्तु भएको कारण विद्यार्थीहरु आफैले जानेका हुन्छन् । त्यसकारण पढाउँदा व्याख्यान विधि प्रयोग गरी शिक्षण गरे पनि हुन्छ भन्दछन् । यस्तो धारणा निर्माण गर्दा विद्यार्थीहरूलाई अध्ययन गर्न निकै कठिन पर्दछ । विद्यार्थीलाई जीवन्त अनुभव गराउनको लागि विषयवस्तु अुनसारको उपयुक्त शिक्षण विधि र शैक्षिक सामग्रीको अभावमा शिक्षकले कक्षा कक्षाकोठामा सामाजिक विषयको शिक्षण गर्न निकै समस्या पर्दछ । वास्तवमा विषय शिक्षकको विषयप्रति सकारात्मक धारणा निर्माण गर्नुपर्दछ । शेक्षिक सामग्रीले शिक्षण सिकाइलाई रोचक मात्र नबनाई वास्तविक ज्ञान दिन सहयोग गर्दछ । तर पनि हाम्रो देशमा सामुदायिक विद्यालयमा शिक्षण गर्दै आइरहेका कतिपय शिक्षकहरूले विषयवस्तु अनुसार शिक्षण विधि र सामग्री प्रयोग गरेको पाइँदैन भन्ने जनगुनासो छ । सामाजिक शिक्षकले कक्षाकोठामा शिक्षण गर्दा भाषण विधि वा प्रवचन विधि त्यस्तै शिक्षक केन्द्रित विधि मात्र अपनाएको पाइन्छ । मा.वि. तहमा सामाजिक शिक्षा अध्यापनरत विषय शिक्षकको विषयप्रति कस्तो धारणा छ ? सामाीजक विषयको शिक्षणमा उपयुक्त शिक्षण विधि र सामग्रीको प्रयोग हुन नसक्नुको कारण के हो ? जस्ता समस्याहरू पहिल्याउन अनुसन्धानात्मक प्रश्नावलीको आधारमा आधारित भई खोज गरिएको थियो:

यी माथिका उल्लेखित प्रश्नको जवाफ खोज्न यो अध्ययनको शीर्षक “सामाजिक शिक्षा विषय शिक्षकको विषयप्रतिको धारणा र कक्षा सिकाइ अभ्यास” राखिएको थियो ।

### १.३ अनुसन्धानात्मक प्रश्नहरू

(क) सामाजिक शिक्षा अध्यापनरत विषय शिक्षकको विषयप्रतिको धारणा के कस्तो छ ?

(ख) विषयवस्तुसँग सम्बन्धित शिक्षण विधि र सामग्रीबीच कस्तो तालमेल गरिएको छ ?

(ग) शैक्षिक सामग्रीको रूपमा स्थानीय स्रोत र साधनको उपयोग शिक्षणमा के कस्तो रूपमा गरिएका छन् ?

(घ) शिक्षकले शैक्षिक सामग्रीको अभावमा शिक्षण गर्दा के कस्ता समस्या भोगेका छन् ?

(ङ) शिक्षकले शिक्षण गर्दा प्रायः कुन कुन शिक्षण विधिको प्रयोग गरेका छन् ?

(च) शिक्षकले शिक्षण गर्दा विषयवस्तु अनुसारको शिक्षण सामग्रीको प्रसंगवश प्रयोग गरेका छन् ?

(छ) शिक्षकले शिक्षण गर्दा धेरैजसो कुन कुन शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोग गर्दछन् ?

(ज) विद्यार्थीहरूले विषयवस्तु के कस्तो रूपमा बुझ्ने गरेका छन् ?

(झ) शिक्षकले शिक्षण गर्दा शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोग गर्दा र नगर्दा कस्तो महशुस गरेको बताउँछन् ?

## १.४ अध्ययनको औचित्य

सामाजिक शिक्षा विषयलाई प्रभावकारी अर्थपूर्ण र उद्देश्यपूर्ण बनाउनको लागि सामाजिक शिक्षा अध्यापनरत विषय शिक्षकको विषयप्रतिको सकारात्मक धारणा रहनुको साथै समय, परिस्थिति, विषयवस्तु अनुरूप उपयुक्त शिक्षण विधि र शैक्षिक सामग्री प्रयोग गर्न जरुरी छ । तर विभिन्न कारणहरूले गर्दा शिक्षण चाहे जस्तो हुन सकेको छैन । यस्तो हुनुमा सम्बन्धित विषयको शिक्षक नभई अन्य विषयको शिक्षकले पढाउनुपर्ने वाध्यता पनि परिस्थितिवश विद्यालयमा छ । कुनै विद्यालयमा सम्बन्धित विषय शिक्षकको अभावका कारण अर्को शिक्षलके पढाउँदा विषयवस्तु अनुरूप कुन शिक्षण विधिको प्रयोग गर्ने ? कुन सामग्री प्रयोग गर्ने ? भन्ने जस्ता समस्या पर्दछन् । त्यस्तै सम्बन्धित शिक्षकलाई पनि समयसमयमा तालिमको व्यवस्था नहुनु । विद्यालयमा आवश्यक रूपमा सुपरिवेक्षण नहुनुले गर्दा पनि शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा ध्यान दिएको पाइँदैन । विद्यालयमा उपयुक्त मात्रामा शिक्षण सामग्री व्यवस्था नहुनु पनि एउटा मुख्य कमजोरी हो । त्यस्तै राष्ट्रको शिक्षामा कम लगानीले गर्दा पनि विभिन्न समस्या देखिन्छ । शिक्षकहरूको शिक्षण पेशाप्रति उत्साहिपनको अभाव, शिक्षण परम्परागत प्रणालीमा पहिचान आदि जस्ता समस्याले गर्दा लाखौं विद्यार्थीहरूको भविष्य अन्धकारमय हुन्छ । यसरी शिक्षकहरूका समस्यालाई समयमा नै कुनै सुनुवाई नगर्ने र यो स्थितिलाई यत्तिकै राख्ने हो भने शिक्षकहरूको शिक्षण पेशाप्रति कुनै सुधार हुँदैन । विद्यार्थीहरूलाई पनि विषयवस्तुप्रति अर्थपूर्ण, उद्देश्यपूर्ण बनाउनको लागि शिक्षकले विषयवस्तु अनुरूपको शिक्षण विधि र सामग्री प्रयोग गर्दा सहजपूर्ण ढंगले सिक्न सक्दथे भने अब विद्यार्थीहरूलाई कठिन र जटिल हुने देखिन्छ । जसको फलस्वरुप भविष्यमा झन नराम्रो स्थिति उत्पन्न हुन सक्ने सम्भावना प्रवल देखिन्छ । त्यसैले बेलैमा राम्रो सोच पुऱ्याउन आवश्यक देखिन्छ ।

यस विषयसँग सम्बन्धित अध्ययन तथा अनुसन्धान गर्न चाहने विशेषज्ञ तथा सम्बन्धित व्यक्तिहरू, निकाय, गैरसरकारी संघसंस्थाका साथै सरकारी संघसंस्थाहरूलाई विधिको निरूपण त्यसको आधारमा शैक्षिक सामग्रीको प्रयोगको साथै पाठ्यक्रम एवम् सम्बन्धित विषयको लागि अन्य नयाँ शैक्षिक सामग्रीको निर्माण, परिमार्जन एवम् प्रयोग गर्नमा समेत सहयोग पुऱ्याउने ठानिएको छ ।

## १.५ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरु निम्नानुसार राखिएको थियो :

(क) शिक्षकको सामाजिक शिक्षा विषयप्रतिको धारणा पहिचान गर्नु ।

(ख) सामाजिक शिक्षा विषय अध्यापनमा अपनाइएका शिक्षण विधि तथा शैक्षिक सामग्रीको पहिचान गर्नु ।

(ग) शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोगमा आइपरेका समस्या समाधानमा अपनाइएका उपायहरू पहिचान गर्नु ।

## १.६ अध्ययनको सीमाङ्कन

खोज तथा अनुसन्धान गर्ने क्रममा सम्पूर्ण क्षेत्रलाई समेटेर अध्ययन गर्दा साधन र स्रोतको अपूग हुने भएको कारण खोजकर्तालाई सरल र प्रभावकारी बनाउने उद्देश्यले यस खोजकार्यको लागि निम्नलिखित परिधिभित्र सीमित रही सञ्चालन गरिएको थियो :

(क) यस अध्ययनलाई दोलखा जिल्ला भिमेश्वर नगरपालिका २७ वटा विद्यालय मध्ये ३ वटा उच्च मा.वि. र १ वटा माध्यमिक विद्यालय गरी जम्मा ४ वटा सामुदायिक माध्यमिक विद्यालयलाई लिइएको थियो ।

(ख) यस अध्ययनमा छनोट गरिएका ४ वटा विद्यालयका कक्षा ९ का १०/१० जना विद्यार्थी र सामाजिक विषयमा सीमित रहेको थियो ।

(ग) सामाजिक शिक्षा विषयको शिक्षकको विषयप्रतिको धारणा, सामाजिक शिक्षा विषय शिक्षण गर्दा अपनाउने शिक्षण विधि र शैक्षिक सामग्री र यो प्रयोग गर्दा आइपरेका समस्या समाधानमा अपनाएका उपायहरूमा मात्र सीमित रही अध्ययन गरिएको थियो ।

# परिच्छेद-दुई
# साहित्यको पुनरावलोकन

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन तथा अनुसन्धान कार्य थाल्नु भन्दा पहिले त्यस क्षेत्रमा विगतमा के कस्ता अनुसन्धान भएका छन । त्यस्ता अनुसन्धानको जानकारी हुनुपर्ने हुन्छ र त्यसको अध्ययन गर्नु जरुरी हुन्छ । पूर्व साहित्यको समीक्षाले अनुसन्धानकर्तालाई उक्त खोजका विषयमा हालसम्म अनुसन्धान नभएको क्षेत्र तथा विषय छनोट गर्न सहयोग गर्दछ । पूर्व साहित्यको समीक्षा अनुसन्धान गरिएको विषय क्षेत्र र विषय बीचको दुरी पहिचान गर्न सहयोग गर्नका साथै विगतमा गरिएको अनुसन्धान दोहोरिने स्थिति आउन नदिन सहयोग गर्दछ । तसर्थ यहाँ केही पूर्व साहित्यको समीक्षा गर्ने प्रयास गरिएको छ ।

सिंह (२०६५) आदर्शवादीहरुले सामाजिक शिक्षा विषयको विषयवस्तुको शिक्षण सिकाई क्रियाकलाप विधि वा शैक्षिक सामग्री शिक्षकको विवेकमा सुम्पेका छन् । आदर्शवादी सुकरातले प्रश्नोत्तर विधि र छलफल विधिमा जोड दिएका छन् भने उनका शिष्य प्लेटोले वादविवादलाई शैक्षिक प्रक्रियाको रुपमा सिफारिस गरेका छन् । हेगलले तार्किक विधिलाई उपयुक्त शिक्षण विधि सिफारिस गरेका छन् ।

सिंह (२०६५) यथार्थवादी दर्शनअनुसार सामाजिक शिक्षा विषयको शिक्षण सिकाइ प्रक्रियामा प्रत्यक्ष अवलोकन हुन आवश्यक हुन्छ । यस विद्यालयका कक्षा शिक्षणमा एकातिर इन्द्रीयहरुको प्रयोग गरिन्छ भने अर्कातिर भ्रमण, यात्राहरु पनि प्रत्यक्ष अवलोकनद्वारा शिक्षण गरिन्छ । यस कक्षा शिक्षणमा वस्तुगत ज्ञानका लागि रचिएका विषयवस्तुको प्रस्तुती गरे पनि ती वस्तुहरुको प्रत्यक्ष अवलोकन वा साक्षात्कार गराइन्छ । यथार्थवादीहरु इन्द्रीय ज्ञानलाई बढी जोड दिने भएकाले कक्षा शिक्षणमा विद्यार्थी सामु विषयवस्तुको अवलोकन गराइन्छ । यस्तो कक्षा शिक्षणमा आगमन विधिको प्रयोग गरिन्छ । यस विषयवस्तुलाई अवलोकन गराइन्छ विद्यार्थी त्यस वस्तुलाई देखेर, चाखेर, सुनेर, अनुभव गरेर त्यस वस्तुको बारेमा जानकारी प्राप्त गर्दछ । कक्षा शिक्षणमा प्रदर्शन विधि, प्रयोगात्मक विधि, छलफल विध, वादविवाद विधिहरु आवश्यकता अनुसार प्रयोग गरिन्छ । कुनै विषयवस्तु सिकाउँदा विद्यार्थीको इन्द्रीयहरुलाई सजग गराउनुको साथै उनको आत्मालाई सक्रिय गराइन्छ ।

आचार्य (२००४) ले माध्यमिक तहको सामाजिक शिक्षा शिक्षक सामग्रीको उपलब्धता र प्रयोगको अवस्था सम्बन्धमा अध्ययन गर्नु भएको थियो । उहाँले आफ्ना अध्ययनको उद्देश्य सामाजिक शिक्षा शिक्षणका लागि शैक्षिक सामग्रीको अवस्था, सामग्रीको अध्ययन, मूल्याङ्कन

सामग्रीको प्रयोग गर्न नसक्नाका कारणहरु पत्ता लगाउने उद्देश्यहरु निर्धारण गर्नु भएको थियो । उक्त अध्ययनका लागि नमुना छनौट विधि अपनाई भौगोलिक अवस्थितिका आधारमा बाँके जिल्लाका २४ वटा सामुदायिक माध्यमिक विद्यालयलाई छनोट गरिएको थियो । यसका लागि सामाजिक शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिकालाई पनि सामग्रीको रुपमा लिनु भएको थियो । उहाँले प्राप्तिको रुपमा सामाजिक शिक्षा शिक्षणका लागि शिक्षक निर्देशिकामा उल्लेख भएका सामग्रीको अभाव, सामाजिक शिक्षाका शिक्षण सामग्रीको बजारमा पनि अभाव भएको, सामाजिक शिक्षालाई सामान्य, सरल विषयको रुपमा लिएको, सामग्री खरिदका लागि विद्यालयमा आर्थिक स्रोतको अभाव भएको, तालिम प्राप्त शिक्षकको अभाव भएको कुरा उल्लेख गर्नुभएको थियो । उहाँले समस्या समाधानका लागि सुझावको रुपमा सामाजिक शिक्षा शिक्षणमा आवश्यक सामग्री पुस्तकको परिशिष्टमा उल्लेख हुनुपर्ने, शिक्षकलाई तालिमको व्यवस्था हुनुपर्ने, सामग्री खरिदका लागि विद्यालयमा छुट्टै आर्थिक कोष हुनुपर्ने, शिक्षक निर्मित सामग्री प्रदर्शन हुनुपर्ने कुरामा जोड दिनुभएको पाइयो ।

शिक्षा विभाग (२०६०) शैक्षिक सामग्री र कक्षा अवलोकनमा शिक्षकले शैक्षिक सामग्रीको प्रयोग कसरी गर्दछन्, प्रयोग सम्बन्धी ज्ञान छ, छैन, सामग्रीको स्थिति कस्तो छ ? शैक्षिक सामग्री प्रयाप्त मात्रामा छ कि छैनन् ? शैक्षिक सामग्रीको प्रयोगमा विषयवस्तु अनुसार ठीक ढङ्गले प्रयोग भएको छ, छैन भनि गरिएको थियो । त्यसका लागि विभिन्न विकास क्षेत्र, अञ्चल र जिल्लाका विद्यालयको प्रतिनिधित्व हुने गरी १५० वटा विद्यालयहरु छनोट गरी १५० वटा कक्षा अवलोकन गरिएको थियो । जसको प्राप्तिमा धेरैजसो विद्यालयहरुमा शैक्षिक सामग्रीहरु उपलब्ध भएको पाइयो । तर दुर्गम क्षेत्रका विद्यालयमा भने शैक्षिक सामग्रीको कमि देखियो । विशेष गरी शैक्षिक सामग्रीको कमी देखिएका क्षेत्रहरुमा हिमाली क्षेत्र र उच्च पहाडी क्षेत्र रहेका छन् किनकी ती दुर्गम विद्यालयहरु सदरमुकामबाट टाढा र यातायातको सुविधाबाट पनि टाढा छन् जसले गर्दा शैक्षिक सामग्री ल्याउन समस्या परेको देखिन्छ ।

Kochhar (1996) सामाजिक शिक्षा शिक्षण प्रभावोत्पादक बनाउन सिर्जनशील शिक्षकको कौशलतापूर्वक सामाजिक शिक्षाका शैक्षणिक सामग्री छानविन तथा प्रयोग गर्नुपर्दछ । यस विषयसँग सम्बन्धित शिक्षण सामग्रीमा निम्नानुसारका सामग्री प्रयोग गर्नुपर्दछ । (क) पाठ्यपुस्तक (ख) पुरक सामग्री (ग) अभ्यास पुस्तिका (घ) शिक्षण सामग्री (ङ) सन्दर्भ सामग्रीहरु जस्तै बृहत् सामान्य ज्ञान, एट्लस, पर्चा, सरकारी प्रकाशनहरु (च) विषयसँग सम्बन्धित पुस्तकहरु ।

Kochhar (2000) साधारणतया शिक्षण विधि भन्नाले शिक्षकले विद्यार्थीहरुका बीचमा कक्षाभित्र वा बाहिर सामाजिक अध्ययनका क्रममा सञ्चालन गरिने शिक्षण सिकाई क्रियाकलापलाई शिक्षण विधि भनिन्छ । सामाजिक अध्ययन एउटा बहुविधाहरुलाई समेटेर तयार

गरिएको हुँदा यसमा समावेश गरिए बमोजिम विभिन्न किसिमका विधिहरु प्रयोग गरी शिक्षण गर्नुपर्दछ । जसमा कथा, कविता, विधि, शिक्षक केन्दित विधि, प्रश्नोत्तर विधि, अवलोकन विधि, छलफल विधि, स्रोत विधि, प्राजेक्ट विधि जस्ता विधिलाई प्रयोग गर्नुपर्दछ ।

अग्रवाल (२०००, पृ. ९८) सामाजिक अध्ययन सामाजिक अध्ययनका विभिन्न विषयवस्तुसँग अन्तर सम्बन्धित विषय भएकोले यसको शिक्षामा निम्न किसिमका विधिहरु प्रयोग गर्नुपर्ने तर्क अगाडि सारेका छन् । मूल्याङ्कन विधि, डेल्टोन विधि, पुनरावलोकन विधि, प्रयोगशाला विधि, व्याख्या विधि, अवलोकन विधि, प्रश्नावली विधि, समस्या समाधान विधि, अन्तरक्रिया विधि, स्रोत विधि, कथाकथन विधि ।

पाण्डे (२०५४), सामाजिक शिक्षा सिद्धान्त र शिक्षण भन्ने पुस्तकमा सामाजिक शिक्षाका शिक्षकले शिक्षण सामग्री छनोट गर्दा निम्नलिखित कुरामा ध्यान दिनुपर्दछ भनेका छन् :

(क) सिकाइको उद्देश्यसँग मेल खाने शिक्षणलाई संकलित गर्ने वा उक्त उद्देश्य प्राप्ति गर्न सहायक हुने खालका शिक्षण सामग्री प्रयोगमा ल्याउनुपर्दछ ।

(ख) सामग्री विद्यार्थीको चेतन तन्तुलाई बढी प्भाव पार्ने खालको हुनुपर्दछ । हेर्ने, सुन्ने आदि विद्यार्थीलाई जुन कुरा सिकाइने हो त्यही सम्बन्धी विषय नजिक सम्म पुऱ्याउनुपर्दछ । जस्तै माटोको भाडा सम्बन्धी बुझाउँदा कुमालेको कार्यशाला बुझाउनुपर्दछ ।

(ग) बाल विकास तथा क्षमता अनुकूल कार्य र स्तर अनुकूल सामग्री संचालन निर्धारण हुनुपर्दछ । जुन उपयुक्त प्रसङ्गमा पाठविस्तार गर्न व्यवहृत गर्नुपर्दछ ।

(घ) प्राप्त शैक्षिक सामग्री सबै प्रयोगयोग्य हुँदैनन् । मूल्याङ्कन गरी प्रयोगमा ल्याउँदा होस् पुऱ्याउनुपर्दछ । ज्यादा पुराना नक्सा बेठिक वा बेमतलवका चित्र, प्रबन्ध तथा योजना विनाको भ्रमण आदि जस्ता कुरा प्रयोगबाट निम्न उद्देश्य उपलब्धि हुँदैन । अतः शिक्षण सामग्री राम्रोसँग जाँचेर मूल्याङ्कन गरेर मात्र प्रयोग वा सञ्चालन गरी उपयोग गर्नुपर्दछ । उपयुक्त चित्र नविनतम् नक्शा र उपयोगी शैक्षिक भ्रमण समयमै रामो व्यवस्था वा अगावै वन्दोवस्त नगरी काम गर्न तम्सनु हुँदैन । यसबाट प्रतिकूल असर पर्न सक्छ ।

सेरिड १९८९ ले गरेको अध्ययनमा सामाजिक विषयको शिक्षण अझै पनि व्याख्या र घोकन्ते माध्यमबाट भएको छ भन्दै यस्तो हुनुका कारण दिएका छन् : (क) तालिम प्राप्त शिक्षकको अभाव (ख) वातावरण र सुविधाको आवश्यकता (ग) शैक्षिक सामग्रीको अभाव (घ) कक्षा व्यवस्थापन अप्रभावकारी (ङ) शिक्षण पेशाप्रति उत्साहिपनको अभाव(च) शिक्षण र परम्परागत प्रणालीमा पहिचान (छ) मूल्याङ्कन प्रणाली त्रुटिगत (ज) कमजोर आर्थिक अवस्था ।

प्रधान (२०६६) सामाजिक अध्ययन शिक्षण भन्ने पुस्तकमा सामाजिक अध्ययनको शिक्षण विधि सञ्चालनमा विकसित मुलुकको आफ्नै परिपाटी रहेको छ । अमेरिका र बेलायत जस्ता स्कुलको पाठ्यक्रमको एक भागको रूपमा शिक्षालाई लिएको छ । अमेरिकामा सामाजिक विषयमा अध्ययन व्यक्तिगत र सामूहिक ज्ञान तथा समझदारी बानी आचरण र सीप विकास गर्नका लागि चाहिने क्रियाकलापको बारेमा विचार गरिएको छ । यी उद्देश्य पूरा गर्न विधिका तीन पक्षमा जोड दिइन्छ : (१) बालकको व्यक्तिगत क्षेत्र विकास गर्न (२) स्कुलमा सामुदायिक जीवन तथा सामाजिक जीवनसँग सम्बन्धित कुरा बुझ्न (३) अमेरिकालीसँग सम्बन्धित कुरा बुझ्न । यी उद्देश्य प्राप्त गर्न प्रयोगशाला र प्रोजेक्ट विधि संचालन गरेको पाइन्छ । अमेरिका जस्तो विकिसत मुलुकमा शिक्षक योग्य हुन्छन् र आवश्यक सन्दर्भ सामग्री, सहायक सामग्री, सामुदायिक स्रोतको प्रयाप्तता आदिले गर्दा सामाजिक अध्ययनमा अनेक क्रियाकलापको योजना राख्दछन् । तर हाम्रो देश सीप र साधनको कमी भएको मुलुकमा सामाजिक अध्ययनका लागि उपयुक्त पूर्वाधार छैन । सामाजिक अध्ययनको उद्देश्य भविष्यका लागि योग्य नागरिक सृजना गर्नु रहेकोले यो केवल ज्ञान दिने विषय मात्र नभएर आचरण र सीप विकास गर्ने पनि विषय भएको छ । तसर्थ सामाजिक अध्ययनका शिक्षकले सामाजिक अध्ययनको उद्देश्यलाई सफल बनाउन सधैँ एक मात्र विधिको प्रयोग नगरेर विभिन्न विधिलाई एकअर्कोसँग सम्बन्धित राखेर सञ्चालन गर्नुपर्दछ किनकि कुनै विधि एक्लै पूर्ण हुँदैन ।

**शिक्षण सिकाइ प्रक्रिया**

सामाजिक अध्ययनको विषयवस्तुलाई प्रभावकारी ढङ्गबाट पठनपाठन गर्नको लागि विद्यार्थीहरूलाई जीवन्त अनुभव गराउने खालको उपयुक्त शिक्षण विधि र शिक्षण प्रक्रिया अपनाउनुपर्दछ । सम्बन्धित विषयवस्तुको एकिकृत रूपमा अध्ययन गराई विषयवस्तुको ज्ञान, सीप र धारणाको विकास गराउनुपर्दछ । वियवस्तु व्यवहारिक ज्ञान दिनका लागि कक्षाभित्र वा बाहिर आ-आफ्नो टोल, समुदायहरूसँग सम्बन्ध राखी समुदायसँग सम्बन्धित क्रियाकलापहरू गराउनुपर्दछ । यी विषयवस्तुलाई जस्ताको तस्तै कण्ठ गरी शिक्षण पद्धतिलाई निरुत्साहित गरी विद्यार्थीहरूलाई आ-आफ्नो समुदायमा खोज गरी सिर्जनात्मक प्रतिभाको विकास गर्न प्रोत्साहन गरिनुपर्दछ ।


सामाजिक अध्ययनले विद्यार्थीहरूले कथा, कविता, नाटक, चिठी, गीत, प्रतिवेदन आदि जस्ता कुरामा सिर्जनात्मक सीपको समेत विकास होस् भन्ने लक्ष्य राखेको छ । यी सबै सीपको विकास गर्न सबै विद्यार्थीहरू सक्षम नुहन पनि सक्छन् । त्यसैले उनीहरूलाई आफ्ना रुचि अनुसार सीपहरूको विकास गर्न प्रोत्साहित गर्नुपर्दछ । विद्यार्थीहरूलाई गर र सिक भन्ने धारणाको अभिबृद्धि गराउनु र विद्यार्थीहरूमा व्यवहाकिर परिवर्तन ल्याउनु नै सामाजिक अध्ययनको मूल लक्ष्य हो । यो विषय अध्यापन गर्दा विभिन्न प्रकारका विद्यार्थी केन्द्रित शिक्षण


विधि प्रयोग गर्न सकिन्छ । केही विधिहरू यसप्रकार छन् : प्रश्नोत्तर विधि, छलफल विधि, प्रदर्शन विधि, समस्या समाधान विधि, अवलोकन विधि, खोज विधि, अभिनय विधि, परियोजना विधि, प्रयोगात्मक विधि, क्षेत्रभ्रमण विधि, आगमन विधि आदि जुनसुकै क्रियाकलाप गराउँदा पनि विद्यार्थी केन्द्रित हुनु आवश्यक हुन्छ । अध्ययन गर्दा विद्यार्थीहरूको सहभागितालाई प्रोत्साहन गर्नुपर्दछ । विद्यार्थीहरू आफैलाई कुनै न कुनै समस्या समाधान गर्न अप्ठ्यारो पर्न सक्छ । यस्तो अवस्थामा मात्र कमीकमजोरीलाई राम्ररी केलाई शिक्षकद्धारा सहयोग पुऱ्याई समाधान गरिदिनुपर्दछ (माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४) ।

कैयूम (२०६६/०६७), सामाजिक अध्ययन शिक्षण भन्ने पुस्तकमा सामाजिक अध्ययनको शिक्षण शीर्षकमा यसरी उल्लेख गरेका छन् । शिक्षण सिकाइ प्रक्रियामा तीन तत्वहरू: शिक्षक, सिकारु र सामग्रीमध्ये सबैन्दा महत्वपूर्ण भूमिका शिक्षक नै हुन्छ । निश्चय नै गुणस्तरीय तथा राष्ट्र एवम् समाज उपयोगी शिक्षाको लागि विभिन्न तत्वहरूले महत्वपूर्ण भूमिका खेल्ने गर्दछन्, तर यस कार्यमा शिक्षकको कौशलता, दक्षता र चरित्रको सर्वोपरि स्थानलाई कसैले नकार्न सक्दैन । भवन, पुस्तकालय, आधुनिक उपकरण र सबै भौतिक साधनहरूले शिक्षाको विकासमा जति महत्वपूर्ण भूमिका खेले पनि योग्य शिक्षकको अभावमा यी सबै निरर्थक हुन्छन् । बाल, मनोविज्ञान, सिकाइ सिद्धान्तहरू शिक्षण विधि र प्रविधिहरू, विभिन्न किसिमका शैक्षिक सामग्रीहरू, शैक्षणिक योजना र मूल्याङ्कनका साधनहरू इत्यादि सबैको प्रयोग र संचालन गर्ने व्यक्ति शिक्षक नै हुन्छन् । शिक्षकलाई विद्यालयको आत्मा भनिन्छ । शिक्षक नै व्यक्ति समाज र राष्ट्रका निर्माता हुन् । डा. राधाकृष्णनले भनेका थिए "समाजमा शिक्षकको अत्यन्त महत्वपूर्ण स्थान छ । एक पिंढीबाट अर्को पिंढीमा वौद्धिक परम्परा र प्राविधिक सीपको संरचनामा उनी धुरिको रूपमा काम गर्दछन् । उनी व्यक्तिलाई मार्गनिर्देशन गर्दैनन्, राष्ट्रको भाग्यलाई पनि दिशानिर्देश गर्दछन् ।

## २.२ अवधारणात्मक ढाँचा

कक्षा ९ मा सामाजिक शिक्षा अध्ययनरत शिक्षकले अपनाएका शिक्षण विधि र शैक्षिक सामग्री प्रयोग विषय प्र.अ., विषय शिक्षक र विद्यार्थीलाई समेटेर तयार गरिएको एक अवधारणात्मक ढाँचा यसप्रकार छ :




यी माथि उल्लेख गरिएका विभिन्न पक्षहरु मध्ये यस अध्ययनमा शिक्षकको विषयप्रतिको धारणा अन्तर्गत सामाजिक शिक्षा विषयको कक्षा ९ र १० को पाठ्यक्रममा समावेश भएका विभिन्न विषय क्षेत्रका विषयवस्तुहरु (जस्तैः अर्थशास्त्र, भूगोल, राजनीतिशास्त्र, धर्मशास्त्र, समाजशास्त्र) आदि प्रतिको धारणा राखिएको छ भने यस विषय शिक्षणको लागि प्रयोग गरिने विधिहरुमा छलफल, प्रश्नोत्तर, प्रदर्शन, प्रयोगात्मक, समस्यासमाधान, क्षेत्रभ्रमण आदि जस्ता विधिहरु प्रयोग गरिन्छ । त्यसैगरी विषयवस्तु अनुसारका शैक्षिक सामग्रीहरु जस्तै स्थानीयस्तरबाट निर्मित सामग्री, शिक्षक निर्मित, विद्यार्थी निर्मित, किनेर ल्याएका सामग्रीहरु यस विषयको शिक्षण सिकाई क्रियाकलाप गर्दा प्रयोग गरी शिक्षक क्रियाकलाप अर्थात् विद्यार्थी क्रियाकलापका माध्यमबाट कक्षा सिकाइ अभ्यास कार्य गरिन्छ ।

# परिच्छेद-तीन

# अध्ययन विधि

कुनै पनि अध्ययन तथा अनुसन्धान कार्यलाई सम्पन्न गर्नका लागि विषयवस्तुको प्रकृति अनुसार प्राप्त हुने गरी विभिन्न तरिका वा उपायहरू अवलम्बन गर्नुपर्दछ । जसलाई विधि भनिन्छ । विद्यार्थीले अध्ययन तथा खोज कार्यलाई निश्चित बाटो पहिल्याई  सकुशलतापूर्वक कार्य अगाडि बढाउन र लक्ष्यमा पुग्न महत्वपूर्ण भूमिका रहन्छ ।

## ३.१ अनुसन्धान ढाँचा

निम्न अवलम्बनबाट प्राप्त सूचनाहरूलाई पूर्ण गुणात्मक रूपमा व्याख्या र विश्लेषण गर्ने सोच राखिएको थियो ।

**अवलम्बन**

| क्र.सं. | उद्देश्य | स्रोत | साधन |
|---|---|---|---|
| १ | शिक्षकको सामाजिक शिक्षा विषयप्रतिको धारणा पहिचान गर्न । | विषय शिक्षक | खुल्ला अन्तर्वार्ता निर्देशिका, खुल्ला प्रश्नावली |
| २ | सामाजिक शिक्ष विषय अध्ययनमा अपनाइएका शिक्षण विधि तथा शैक्षिक सामग्रीको पहिचान गर्नु । | शिक्षक<br>विद्यार्थी समूह<br>सामाजिक कक्षा शिक्षण | खुला अन्तर्वार्ता निर्देशिका<br>छलफल<br>प्रत्यक्ष अवलोकन |
| ३ | शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोगमा आइपरेका समस्या समधानमा अपनाइएका उपायहरू पहिचान गर्नु । | प्र.अ.<br>विषय शिक्षक<br>स्रोतव्यक्ति, वि.नि., विषयसँग सम्बन्धित व्यक्तिहरु | अन्तरक्रिया, अन्तर्वार्ता सूची<br>अन्तर्वार्ता सुची<br>खुल्ला अन्तर्वार्ता निदेर्शिका |

## ३.२ नमूना छनौट

यस अध्ययन तथा खोज कार्यलाई कक्षा शिक्षणमा सामाजिक शिक्षकको विषयप्रतिको धारणा तथा शिक्षकले अपनाएका शिक्षण विधि र शैक्षिक सामग्री प्रयोग अध्ययनका उद्देश्यलाई

पूरा गर्नको लागि यस अध्ययनसँग सम्बन्धित पक्षलाई नमूनाको रूपमा छनोट गरिएको थियो । जसलाई तल प्रस्तुत गरिएको छ :

### ३.२.१ विद्यालयको छनौट

यस अध्ययनको लागि दोलखा जिल्ला अन्तर्गत भिमेश्वर नगरपालिकाभित्र रहेका जम्मा २७ वटा सामुदायिक विद्यालयहरूमध्येवाट कक्षा ९ मा सामाजिक शिक्षा विषय शिक्षकको विषयप्रतिको धारणा तथा शिक्षकले अपनाएका शिक्षण विधि र शैक्षिक सामग्रीको पहिचान गर्न ४ वटा विद्यालयहरू श्री भीम उच्च मा.वि., कालिञ्चोक उच्च मा.वि., कुटिडाँडा उच्च मा.वि. र पशुपति कन्या मन्दिर मा.वि.लाई पायक पर्ने भएकोले सुविधाजनक नमूना विधिबाट छनोट गरिएको थियो ।

### ३.२.२ प्र.अ.को छनौट

सम्बन्धित विषयमा अनावश्यक सूचनाहरू संकलन गर्न उपरोक्त विद्यालयमध्ये प्रत्येक विद्यालयबाट १/१ ज ना गरी जम्मा ४ वटा प्र.अ.लाई स्वतः रूपमा लिइएको थियो । (अनुसूची २)

### ३.२.३ शिक्षकको छनौट

सम्बन्धित अध्ययनरत उद्देश्य पूरा गर्न छनौटमा परेका ४ विद्यालयका कक्षा ९ मा शिक्षण गर्ने सामाजिक विषयका ४ जना शिक्षकलाई स्वतः छनौट गरिएको थियो । (अनुसूची ३)

### ३.२.४ विद्यार्थीको छनौट

सम्बन्धित विषयमा आवश्यक सुचना संकलन गर्नको लागि उपरोक्त विद्यालयहरूमध्ये प्रत्येक विद्यालयबाट कक्षा ९ का १०/१० जना विद्यार्थीहरूलाई केटाकेटी पर्ने गरी गोलाप्रथाबाट छनोट गराइएको थियो । (अनुसूची ४)

## ३.३ साधनको निर्माण

यस अध्ययनको लागि आवश्यक सूचना तथा जानकारी संकलन गर्न उद्देश्यले निम्नलिखित साधनको निर्माण गरिएको थियो ।

### ३.३.१ कक्षा शिक्षण आवलोकन फाराम

विद्यालय भित्र उपलब्ध सामाजिक शिक्षकको विषयप्रतिको धारणा, शिक्षण विधि, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियालाप तथा सामाजिक विषय अध्यापन गर्दा देखिने

समस्याहरू पत्ता लगाउन विद्यालय तथा कक्षा अवलोकन फारमको निर्माण गरिएको थियो । त्यसका आधारमा सूचना संकलन गरियो ।

### ३.३.२ अन्तर्वार्ता-सूची

गुणात्मक तथा परिमाणात्मक अनुसन्धानमा अन्तर्वार्ता-सूची एक प्रभावकारी विधि भएकोले प्र.अ., विषय शिक्षकसँग अध्ययन अनुसन्धानसँग सम्बन्धित सूचनाहरू थाहा पाउन अन्तर्वार्ता-सूची तयार गरी प्रयोग गरिएको थियो ।

### ३.३.३ अन्तर्वार्ता निर्देशिका

विद्यालय निरीक्षक, स्रोत व्यक्ति तथा विषयसँग सम्बनिध्त प्रतिनिधिसँग प्रत्यक्ष भेटी खुला प्रशनावलीको प्रयोग गरी सामाजिक विषय अध्यापनरत शिक्षकको विषयप्रतिको धारणा तथा शिक्षकले अपनाएका शिक्षण विधि र शैक्षिक सामग्री अन्तर्गत देखिएका समस्या र समाधानका लागि गरिँदै आएका उपायका सम्बन्धमा सूचनाहरू बटुलियो ।

### ३.३.४ विद्यार्थी समूह छलफल निर्देशिका

कक्षा ९ मा अध्ययन हुँदै आएको सामाजिक विषयको शिक्षण सिकाइ क्रियाकलापको सम्बन्धमा प्रयोग हुँदै आइरहेको शिक्षण विधि तथा शैक्षिक सामग्रीका क्रममा देखिएका समस्या समाधानका उपाय पत्ता लगाउनका साथै प्र.अ. र शिक्षकबाट आएको जानकारी त्यस्तै विद्यार्थी समूह छलफल बाट आएको  जानकारीबीच के कति विश्वसनियता एवम् वैधता छ थाहा पाउन विद्यार्थी समूह छलफलका आधारमा विद्यालयभित्र दुई समूह बनाई विद्यार्थीहरूबीच छलफल गरी सूचना संकलन गरियो ।

## ३.४ सूचना संकलनका स्रोतहरू

कुनै पनि समस्याको खोज तथा अनुसन्धान गर्न र समस्याहरू पहिल्याउन केही सूचनाको आवश्यकता पर्दछ । तसर्थ यहाँ अध्ययनसँग सम्बन्धित प्राथमिक स्रोत र द्वितीय स्रोतका आधारमा सूचनाहरू संकलन गरिएको थियो ।

### ३.४.१ प्राथमिक स्रोत

अध्ययनका क्रममा अनुसन्धानकर्ता आफै सम्बन्धित क्षेत्रमा गई शिक्षण विधि तथा शैक्षिक सामग्रीको प्रयोग गर्दा विद्यार्थीको सिकाइ क्रियाकलाप माथि परेको कार्यलाई बुझ्न प्र.अ., शिक्षक र विद्यार्थीसँग औपचारिक एवम् अनौपचारिक भेटघाट, खुला प्रश्नावली, अवलोकन, अन्तर्वार्ता, समूह छलफल मार्फत सूचनाहरू संकलन गरिएको थियो ।

### ३.४.२ द्वितीय स्रोत

प्रतिवेदन लेखनकार्य सम्पन्न गर्नको लागि सामाजिक शिक्षा विषयसँग सम्बन्धित विभिन्न लिखित दस्तावेज, रेकर्ड फाइलहरू, निर्देशिका, पुस्तक, पत्रपत्रिकाहरू तथा यस शिक्षा विषयमा प्रयोग हुने शिक्षण विधि तथा शैक्षिक सामग्री सम्बन्धी प्रकाशित लेख, अनुसन्धान सम्बन्धी पुस्तक पत्रपत्रिका आदिलाई आधार मानी सूचना संकलन गरियो ।

### ३.५ साधनको वैधता निर्धारण

सूचना संकलनका साधनहरू निर्माण गरी शोध निर्देशकको सुझाव र निर्देशन अनुरूप आवश्यक परिमार्जित गरी बैधता कायम गरिएको थियो ।

### ३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया

अध्ययनको उद्देश्यलाई पूरा गर्न तथा सूचना संकलन गर्न शिक्षाशास्त्र संकाय अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विभागबाट औपचारिक पत्र लिएर आवश्यक जानकारी तथा सामग्री संकलन गर्न पुस्तकालय प्रवेश गरी अध्ययन गरियो । त्यसपछि अध्ययन क्षेत्र दोलखा पुगियो । दोलखा जिल्लाको भिमेश्वर नगरपालिका अन्तर्गत सञ्चालित ३ वटा सामुदायिक उच्च माधयमिक विद्यालय र एउटा सामुदायिक माध्यमिक विद्यालय गरी जम्मा ४ वटा विद्यालय छनोट गरियो । सम्बन्धित विद्यालयका प्र.अ. र विषय शिक्षकसँगको औपचारिक भेट गरी आफू विद्यालयमा आउनाको कारण प्रष्ट पारियो । प्र.अ. र कक्षा शिक्षकले मिलाइदिएको समयतालिका अनुसार सामाजिक कक्षा शिक्षण अवलोकन गरियो । विषय शिक्षकसँग खुला प्रश्नावलीको आधारमा सूचनालाई सकेसम्म कार्य क्षेत्रमै टिप्ने प्रयास गरियो ।

प्र.अ.सँग पनि अन्तर्वार्ताको माध्यमबाट अन्तरक्रिया गरी विद्यालयमा रहेका शैक्षिक सामग्री साथै सामाजिक अध्ययन शिक्षणमा शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गरिने शिक्षण विधि र शैक्षिक सामग्रीको बारेमा त्यस्तै विषय शिक्षकको बारेमा छलफल गर्दै सूचना संकलनको क्रमलाई बढाइयो ।

कक्षा अवलोकनको क्रममा शिक्षकको कक्षा प्रवेशको समय, पूर्वतयारी, शैक्षिक सामग्रीको प्रयोग, कक्षा कोठाको वातावरण विद्यार्थी सक्रियता र मूल्याङ्कन पक्षलाई समेत मध्यनजर गरिएको थियो । अन्तिम दिनको विद्यालय प्रवेशको क्रममा विषय शिक्षक सँगको सरसल्लाहको आधारमा छनोट गरिएका १० जना विद्यार्थीलाई दुई समूहमा विभाजन गरी तयार गरिएको निर्देशिका अनुसार कालोपाटीमा प्रश्नहरु लेख्दै छलफल गराइयो । छलफलका क्रममा

आएका गुणात्मक र परिमाणात्मक सूचना टिपियो र आफू मार्ग निर्देशकको रुपमा मात्र बसियो ।

अन्य उत्तरदातासँग भेट गर्न समयको अनुकूलता मिलाई स्रोतव्यक्ति, जिल्ला शिक्षा कार्यालयका पदाधिकारीसँग प्रत्यक्ष भेट गरी प्रश्नावलीको आधारमा र विद्यालय निरीक्षकलाई प्रश्नावली पठाएर उत्तर संकलन गरिएको थियो ।

यसरी संकलित सूचना र तथ्याङ्कहरुलाई पूर्व प्रस्तावितका आधारमा मिलाई विश्लेषण र व्याख्या गरी खेस्राको रुपमा तयार गरी शोध निर्देशकज्यूमा प्रस्तुत गरियो । अन्तमा प्रतिवेदनका रुपमा शोधपत्र तयार गरी शोधनिर्देशक समक्ष प्रस्तुत गरी आफ्नो अध्ययन अनुसन्धान कार्य पूरा गरियो ।

# परिच्छेद-चार
# सूचनाको विश्लेषण र व्याख्या

अध्ययन अनुसन्धान कार्यमा तथ्याङ्क संकलन गरिसकेपछि त्यसको विश्लेषण तथा व्याख्या अर्थपूर्ण ढंगले गर्नु आवश्यक हुन्छ । यस अध्ययनका उद्देश्यहरु शिक्षकको सामाजिक शिक्षा विषयप्रतिको धारणा, सामाजिक शिक्षा विषय अध्यापनमा अपनाइएका शिक्षण विधि तथा शैक्षिक सामग्रीको पहिचान गर्न र शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोगमा आइपरेका समस्या समाधानका उपायहरु पहिचान गर्न राखिएको थियो । उपयुक्त उद्देश्य बमोजिम यस परिच्छेदमा अध्ययन अनुसन्धानबाट प्राप्त सूचनाहरुको निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ :-

## ४.१ शिक्षकको सामाजिक शिक्षा विषयप्रतिको धारणा

माध्यमिक तहमा सामाजिक शिक्षा अध्यापन गर्ने विषय शिक्षकको विषयपति के कस्तो सोच वा धारणा रहेको छ ? भनी अध्ययन गर्ने सम्बन्धमा नमुना छनोट गरिएका दोलखा जिल्ला भिमेश्वर नगरपालिका अन्तर्गत पर्ने ४ वटा विद्यालय क्रमश: श्री भीम उच्च मा.वि., श्री कालिञ्चोक उच्च मा.वि., श्री कुटिडाँडा उच्च मा.वि. र श्री पशुपति कन्या मा.वि. मा गई चार वटै विद्यालयका प्रधानाध्यापक, विषय शिक्षक, विद्यार्थी र कक्षा शिक्षण अवलोकन फारम आदिको प्रयोगबाट संकलित प्राप्त प्रतिक्रियात्मक सूचनाहरु निम्नानुसार पाइयो ।

### ४.१.१ शिक्षकको पृष्ठभूमि

नमुना छनोट गरिएका चारवटै विद्यालयका सामाजिक शिक्षा विषय अध्यापन गर्ने शिक्षकहरुको योग्यताको पहिचान गरी तिनीहरु तालिम प्राप्त वा अप्राप्त के हुन् ? विद्यालयमा शिक्षण कार्य गर्दा स्थायी वा अस्थायी कुन चाहिँ शिक्षकको रुपमा कार्यरत शिक्षक हुन् ? शिक्षकको सामाजिक शिक्षा विषयप्रति के-कस्तो धारणा रहेको छ । शिक्षण सिकाइ क्रियाकलापको समयमा के कस्ता शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोग गर्दछन् । त्यस्ता शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोग सम्बन्धी के-कस्ता समस्या रहेका छन र ती शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोग सम्बन्धी समस्या समाधानमा अपनाइएका उपायहरुको बारेमा चर्चा गरिएको छ ।

अध्ययनको लागि नमूना छनोट गरिएका विद्यालयहरुका सामाजिक शिक्षा विषय अध्यापन गराउने शिक्षकहरुको बारेमा तयार गरिएको तालिका ४.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१**

**सामाजिक शिक्षा विषयमा अध्यापनरत तालिम प्राप्त र अप्राप्त**

**शिक्षकहरुको योग्यता तथा अनुभव**

| विद्यालयहरुको नाम | तालिम प्राप्त | तालिअ अप्राप्त | योग्यता | स्थायी | अस्थायी |
|---|---|---|---|---|---|
| श्री भीम उच्च मा.वि. | – | अप्राप्त | बि.एड., अंग्रेजी | - | १० वर्ष |
| श्री कालिञ्चोक उच्च मा.वि. | - | अप्राप्त | एम.ए. अर्थशास्त्र | १३ वर्ष | – |
| श्री कुटिडाँडा उच्च मा.वि. | प्राप्त | – | बि.एड., भूगोल | १८ वर्ष | – |
| श्री पशुपति उच्च मा.वि. | प्राप्त | – | एम.एड., अर्थशास्त्र | १६ वर्ष | – |

स्रोत : स्थलगत अध्ययन / सर्वेक्षण (२०६७)।

माथिको तालिका नं. ४.१ अनुसार चार जना शिक्षक मध्ये २ जना शिक्षक सम्बन्धित विषयमा बि.एड. गरेकाले स्वतः तालिम प्राप्त पाइयो भने ४ जना मध्ये दुई जना तालिम अप्राप्त शिक्षक पाइयो । विषय अनुसार शिक्षकहरुको योग्यताको सम्बन्धमा श्री भीम उच्च मा.वि.का शिक्षकको योग्यता वि.एड. अंग्रेजी, श्री कुटिडाँडा उच्च मा.वि.का शिक्षकको बि.एड. भूगोल, श्री पशुपति कन्या मा.वि.का शिक्षकको एम.एड. अर्थशास्त्र र श्री कालिञ्चोक उच्च मा.वि. का शिक्षकको एम.ए. अर्थशास्त्र रहेको पाइयो । त्यसैगरी शिक्षकको शैक्षिक अनुभवको बारेमा भीम उच्च मा.वि.का शिक्षकको १० वर्ष अस्थायी शिक्षकको रुपमा शिक्षण गर्दै आएको पाइयो भने श्री कालिञ्चोक उच्च मा.वि.का शिक्षक १३ वर्ष, श्री कुटिडाँडा उच्च मा.वि. का शिक्षक १८ वर्ष र श्री पशुपति कन्या मा.वि. शिक्षक १६ वर्ष स्थायी शिक्षकको रुपमा शिक्षण गर्दै आएको पाइयो ।

यसबाट के स्पष्ट हुन्छ भने सम्बन्धित शिक्षक नभई अन्य शिक्षकले एउटा विद्यालयमा सामाजिक विषय अध्यापन गराउने शिक्षक अंग्रेजीको रहेको तर अन्य शिक्षकहरु सामाजिक शिक्षा विषय अन्तर्गतका भूगोल र अर्थशास्त्रका शिक्षकहरु रहेको पाइन्छ ।

### ४.१.२ शिक्षकको सामाजिक शिक्षा विषयको शिक्षण प्रति विद्यार्थी, शिक्षक, प्र.अ. र विषयसँग सम्बन्धित व्यक्तिहरुको धारणा

अध्ययनकर्ता आफू सम्बन्धित क्षेत्रमा गई चार वटै विद्यालयका विद्यार्थीहरुलाई गोला प्रथाद्वारा केटा र केटी पर्ने गरी दुई समूहमा विभाजन गरी उनीहरुसँग खुला प्रश्नावलीका

माध्यमबाट छलफल गरी सूचनाहरु संकलन गरिएको थियो । सामाजिक शिक्षा विषयको सम्बन्धमा विद्यार्थीहरुको भनाईमा, यस विषय शिक्षणको माध्यमबाट धेरै विषयवस्तुको बारेमा ज्ञान पाप्त गर्न सकिन्छ । त्यसैगरी आफ्नै समाजमा भएका कुराहरु आफ्नो राष्ट्र र विश्वको बारेमा जानकारी गराउने हुँदा यो एउटा रमाइलो विषयको रुपमा लिइएको पाइयो । उदाहरणको रुपमा हामी र हाम्रो संस्कृति भन्ने शीर्षकमा शिक्षकले शिक्षण क्रियाकलाप गराउँदा विद्यार्थीहरुलाई संस्कृति सम्बन्धी नाटक प्रस्तुत गर्न लगाएर यस विषयमा स्पष्ट पारेको कक्षा शिक्षा अवलोकनको क्रममा पाइयो । त्यसकारण विद्यार्थीले रमाइलो विषयको रुपमा लिएको पाइन्छ । सामाजिक शिक्षा शिक्षणप्रति शिक्षकको रुचिको सम्बन्धमा कालिञ्चोक उच्च मा.वि.का शिक्षकले शिक्षण गर्दा सक्रियताका साथ ज्यादै क्रियाशील भएर शिक्षण गरेको कुरा विद्यार्थीहरुले बताएका थिए, भने ४ वटा विद्यालय मध्ये ३ वटा विद्यालयका विद्यार्थीको भनाई अनुसार शिक्षकले शिक्षण गर्दा सक्रियता देखाइएको पाइएन । विद्यार्थीहरुसँग यो विषय शिक्षण गर्ने शिक्षकको बारेमा छलफल गर्दा चार वटै विद्यालयका विद्यार्थीहरुले यी विषय शिक्षण गर्ने शिक्षक सधैं क्रियाशील हुनुपर्दछ भनेर प्रतिक्रिया दिएको पाइयो । जुन शिक्षक विभिन्न विषयवस्तुप्रति विभिन्न घटनाहरुप्रति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक कुराहरुप्रति त्यति ध्यान दिई अध्ययन गर्दैनन् । त्यस्तै विद्यार्थीहरुलाई शिक्षण सिकाई कार्य गराउँदा सक्रियता देखाउँदैन भने त्यस्तो शिक्षकले यो विषय शिक्षण गर्न सक्तैन भन्ने प्रतिक्रिया विद्यार्थीहरुले दिएका थिए । यसमा तीनवटा विद्यालयका विद्यार्थीहरुको प्रतिक्रियात्मक सूचना अनुसार शिक्षकको सामाजिक शिक्षा विषयप्रति रुचिको सम्बन्धमा यस विषय शिक्षण प्रति रुचि नभएको देखिन्छ ।

त्यसैगरी अन्य तीनवटै विद्यालयका विद्यार्थीहरुसँगको छलफलका क्रममा सामाजिक शिक्षा शिक्षकले शिक्षण कार्य गर्दा कक्षामा आउन ढिलो गर्ने कक्षामा आइसकेपछाडि पनि विषयवस्तु त्यति मन लगाएर शिक्षण नगर्ने र कक्षाबाट पनि १०-१५ मिनेट छिटो कक्षाबाट बाहिरिने भएको हुँदा शिक्षणप्रतिको रुचि नभएको प्रतिक्रिया पाइयो भने श्री कालिञ्चोक उच्च मा.वि.का विद्यार्थीहरुले बताए अनुसार शिक्षक कक्षाकोठामा ठीक समयमा प्रवेश गरी शिक्षण कार्य गर्दा असाध्यै सक्रिय भई विभिन्न शैक्षिक सामग्रीको प्रयोग गरी, विद्यार्थीहरुलाई समय-समयमा पढाएका कुराहरुको प्रश्न सोधी छलफल गरी ज्यादै रुचिपूर्ण तरिकाले शिक्षण गरेको कुरा १० जना विद्यार्थी मध्ये ७ जनाले बताएका थिए ।

सामाजिक शिक्षा विषय अध्यापन गराउने शिक्षकबाट प्राप्त भएका भनाइहरु अनुसार सामाजिक शिक्षा भन्नाले समय परिस्थिति अनुसार विभिन्न समुदायमा बसोबास गर्ने व्यक्तिहरुको चालचलन, परम्परा, धर्म, संस्कृति, चाडपर्व, भौगोलिक अवस्था, राजनैतिक अवस्था, अन्तर्राष्ट्रिय परिवेशमा भएका सन्धि सम्झौता, विज्ञान र प्रविधिको विकास, जलवायू परिवर्तनको अवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक घटनाहरुको बारेमा अध्ययन गरिने शिक्षा

सामाजिक शिक्षा भएको कुरा चारवटै विद्यालयका शिक्षकले बताए । यो विषय विद्यालय तहमा प्रवेश गरिसकेपछि शिक्षण गराउँदै आएको कुरा चार वटा मध्ये तीन वटा विद्यालयका शिक्षकले बताए भने श्री भीम उच्च मा.वि.का शिक्षकले १० वर्षको शिक्षण अवधिमा विषय शिक्षकको अभावका कारण आफूले यो विषय ३ वर्ष क्रमशः शिक्षण गर्दै आएको कुरा बताउनु भएको थियो । सामाजिक शिक्षा शिक्षण प्रति रुचिको सम्बन्धमा प्रश्न राख्दा भीम उच्च मा.वि.का शिक्षकका अनुसार आफ्नो सामाजिक शिक्षा विषय सम्बन्धित विषय नभएको र वाध्यातावस शिक्षण गर्नु पर्ने भएकोले गर्दा रुचि नभएको बताउनु भएको थियो । चारवटा विद्यालय मध्ये तीन वटा विद्यालयका शिक्षकको भनाइ अनुसार रुचिपुर्ण रहेको जानकारी पाइयो । यस विषयप्रति रुचि रहनुको कारण सम्बन्धमा पाठ्यक्रमले राखेका उद्देश्यहरु पूरा गर्दै विश्वव्यापीकरणको बदलिँदो परिस्थितिमा आफूलाई राजनीतिक, सामाजिक, आर्थिक, भौगोलिक, प्राकृतिक पक्षसँग परिचित गराउँदै समाज, देश र विश्वको बारेमा विद्यार्थी तथा समुदायलाई सूचना दिनु वा सिकाउनु आफैमा शिक्षकको नाताले खुशी वा रुचि भएको कुरा श्री कालिञ्चोक उच्च मा.वि.का शिक्षकले बताउनु भएको थियो ।

विद्यार्थी भनेका सिर्जना र प्रतिभाका भण्डार हुन त्यसैले उनीहरुलाई सिक्नका लागि उपयुक्त वातावरण सृजना गरी समाज, राष्ट्र र विश्वको बारेमा विद्यार्थीहरु माझ पस्कन पाउनुको कारणले गर्दा रुचिपूर्ण लागेको कुटिडाँडा उच्च मा.वि.का शिक्षकले बताउनु भएको थियो भने श्री पशुपति कन्या मा.वि.का शिक्षकका अनुसार समाज, राष्ट्र र विश्व परिवेशसँग सम्बन्धित समसामयिक कुराहरुको बारेमा आफूले पनि जान्ने अवसर पाउने र आफूले प्राप्त गरेका कुरा विद्यार्थीहरुलाई पनि बुझाउन पाइने भएको हुँदा यस विषय शिक्षण प्रति रुचि भएको पाइयो । तीन वटा विद्यालयका शिक्षकको भनाई अनुसार सामाजिक शिक्षा शिक्षण गर्ने शिक्षक एक विषयमा स्नातक वा स्नातकोत्तर गरेको हुन्छ तर सामाजिक शिक्षा विषय विभिन्न विषयवस्तुको एकिकृत रुप भएको हुँदा प्रायः शिक्षण गर्न रुचि हुँदा-हुँदै पनि असजिलो परेको साझा उत्तर तीन वटै शिक्षकबाट पाइयो ।

नमुना छनोट गरिएका ४ वटा विद्यालयका चारै जना प्रधानाध्यापकसँग गरिएको खुल्ला अन्तर्वार्ता प्रश्नावलीको आधारमा प्राप्त सूचना अनुसार सामाजिक शिक्षा विषय शिक्षकको प्रयाप्तता ४ वटा विद्यालय मध्ये तीन वटा विद्यालयमा रहेको पाइयो भने श्री भीम उच्च मा.वि.मा नभएको पाइयो । यो विषय शिक्षकको शिक्षणप्रति रुचि सम्बन्धमा प्रश्न राख्दा सामाजिक शिक्षा विषय सबै विषयवस्तुको एक एकिकृत रुप हो । यस्तो विषय शिक्षण गर्ने शिक्षक जिज्ञासु, मेहनती, लगनशील भई कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप गराउँदा क्रियाशील भई शिक्षण कार्य गराउने शिक्षक मात्र यस विषय शिक्षणप्रति रुचि भएको साझा भनाई प्रधानाध्यापकहरुको थियो । त्यस्तै जुन शिक्षक विद्यालयमा आउँदा योजना बिना शिक्षण

कार्य गर्न आउँदछ त्यस्तो शिक्षकमा यस विषय शिक्षणप्रति रुचि भएको पाइँदैन किनकी यस विद्यालयमा समसामयिक घटनाहरुको बारेमा अध्ययन गर्नु पर्दछ त्यस्ता घटनाहरु समय-समयमा भइरहेका हुन्छ । ती घटनाहरुको बारेमा अध्ययन गरी आज मैले विद्यार्थीहरुलाई यी-यी विषयवस्तु बारेमा यस्ता सामग्री प्रयोग गरी शिक्षण गराउनु पर्दछ भनी पाठ-योजना बनाएर आउँछ त्यस्तो शिक्षकमा मात्र यस विषयप्रति रुचि भएको मानिन्छ भनेर श्री कुटिडाँडा उच्च मा.वि.का प्रधानाध्यापकको भनाइ रहेको पाइयो ।

स्रोत व्यक्ति, विद्यालय निरीक्षक र अन्य उत्तरदाताहरुबाट प्राप्त सूचना अनुसार माध्यमिक तहमा अध्यापनरत सामाजिक शिक्षा विषय शिक्षकको रुचि सम्बन्धमा प्रश्न राख्दा यो विषय शिक्षण गर्ने शिक्षक सधैं क्रियाशील, लगनशील, मेहनती स्वभावको हुनुपर्दछ किनभने यो विषय भनेको समाज, राष्ट्र र विश्व चिनाउने विषय हो । यस्तो विषय शिक्षण गर्न जो शिक्षक, समाज, राष्ट्र र विश्व समुदायको बारेमा ज्ञान हासिल गर्न उत्सुक हुँदैन त्यस्तो शिक्षक यस विषय शिक्षणप्रति रुचि भएको मानिँदैन । त्यस्तो शिक्षकले विद्यार्थीहरुलाई बुझाउन पनि सक्तैन भनेर विद्यालय निरीक्षकको प्रतिक्रिया पाइयो । सामाजिक अध्ययन शिक्षण गर्ने शिक्षक शिक्षण सिकाइ क्रियाकलापलाई सफल र उद्देश्यमूलक बनाउनका लागि विषयवस्तु प्रति हरबखत पोख्त हुनुपर्दछ । शिक्षणको लागि भित्री मनदेखि नै चाख जागेर आउनु पर्दछ । शिक्षण गर्नु एउटा पेशा हो र यस पेशालाई निष्कर्षमा पुऱ्याउनु वा उपलब्धिमुलक बनाउनु एउटा असल शिक्षकको कर्तव्य भित्र पर्न आउँछ जुन शिक्षकमा यस्तो धारणाको विकास हुन्छ त्यस शिक्षकले मात्र विषय वस्तुप्रति वा शिक्षाप्रति रुचि देखाएको पाइन्छ भनेर पुरक व्यक्तित्वबाट प्रतिक्रिया पाइयो । तर यस विषय शिक्षण गर्न रुचि हुँदाहुँदै पनि विभिन्न साधनको अभावका कारण रुचिपूर्ण तरिकाले शिक्षकले शिक्षण गर्न नसकेको पुरक व्यक्तित्वको भनाई पाइयो भने कुनै शिक्षकले शिक्षण कार्यलाई भन्दा अन्य कार्यलाई रुचि दिने गरेकोले शिक्षण कार्य प्रभावकारी नभएको प्रतिक्रिया पाइयो ।

### ४.१.३ शिक्षकको सामाजिक शिक्षा शिक्षणप्रति रुचि नहुनुको कारण

माध्यमिक तहमा अध्यापनरत विषय शिक्षकको सामाजिक शिक्षा विषयप्रति रुचि नहुनुको कारण सम्बन्धमा अध्ययन गरिएका चारवटै विद्यालयका चारैजना सामाजिक शिक्षा विषय शिक्षकसँग गरिएको प्रश्नावलीका माध्यमबाट प्राप्त सूचना अनुसार समग्रमा विभिन्न समस्याहरुको बाबजुद सामाजिक विषयप्रति रुचि नभएको पाइयो । जुन समस्याहरु निम्न छन् : सामाजिक शिक्षा विषयको लागि प्रयाप्त स्रोत साधन विद्यालयमा उपलब्ध नहुनु,शिक्षकलाई समय अनुकूल तालिमको व्यवस्था नहुनु, हप्ताको ५ दिन विषय पढाई हुने र त्यसमा पनि ४५ मिनेटको अवधिमा सामग्री प्रयोग गरी शिक्षण गर्दा समयमा कोर्स सक्न गाह्रो हुने त्यस्तै शिक्षकलाई वृत्ति विकासको लागि केन्द्रबाट पहल नहुने जस्ता कारण रहेको पाइयो । त्यस्तै श्री

भीम उच्च मा.वि.का शिक्षकको भनाइमा सामाजिक शिक्षा विषयमा विशिष्टीकरण गरेको शिक्षकले शिक्षण नगरी अन्य विषयमा विशिष्टीकरण गरेको शिक्षकले शिक्षण गर्दा पनि यो विषय शिक्षणप्रति रुचि नहुने कारण प्रमुख भएको पाइयो । त्यस्तै श्री कुटिडाँडा उच्च मा.वि. का शिक्षकको भनाईमा समय-समयमा शिक्षण सिकाई सम्बन्धी भएका समस्याहरुको बारेमा विद्यालयमा छलफल नगर्नाले पनि यो विषय शिक्षणप्रति रुचि नहुने पाइयो । चारवटा विद्यालय मध्ये ३ वटा विद्यालयका शिक्षकहरुको भनाईमा विद्यालयको शैक्षिक वातावरण र भौतिक वातावरणको कारणले गर्दा पनि शिक्षण क्रियाकलापप्रति रुचि नभएको पाइयो । रुचि बिनाको शिक्षण कस्तो ठान्नुहुन्छ ? भने प्रश्न राख्दा ४ वटै विद्यालयका चारै जना शिक्षकहरुको साझा भनाइमा जुन शिक्षकमा शिक्षण क्रियाकलाप्रति रुचि नै छैन भने अवश्य पनि शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुँदैन र पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरु उपलब्धिमूलक हुँदैनन वा पूरा हुन पनि सक्दैनन् ।

त्यस्तै माध्यमिक तहमा अध्यापनरत विषय शिक्षकको सामाजिक शिक्षा विषय प्रति रुचि नहुनुको कारण सम्बन्धमा चारवटै विद्यालयका चारैजना प्रधानाध्यापकसँग खुल्ला अन्तर्वार्ता प्रश्नावलीको आधारमा प्राप्त सूचना अनुसार चारै जना प्रधानाध्यापकका भनाइमा सामाजिक शिक्षा विषय शिक्षणका लागि विद्यालयमा प्राप्त मात्रामा स्रोत साधनको व्यवस्था नहुनु अथवा विद्यालयमा शिक्षण सामग्री खरिदका लागि छुट्टै कोषको व्यवस्था नभको, सामाजिक शिक्षाको क्षेत्रको आधारमा सबै सामग्री विद्यालयमा उपलब्ध नभएको, देशको वर्तमान शिक्षा नीतिमा तरलता भएको कारण आज प्रयोग हुने सामग्री भोलि प्रयोग हुन नसक्ने अवस्था रहेको, सामाजिक शिक्षा विषय शिक्षकलाई समय-समयमा पुनःताजगि तालिमको व्यवस्था नहुनु, आवश्यक रुपमा प्रभावकारी ढंगबाट कक्षा शिक्षण अवलोकन नहुनु, शिक्षकहरुमा अंग्रेजी, विज्ञान, गणित जस्तो महत्वपूर्ण विषयको रुपमा सामाजिक शिक्षा विषयलाई नलिइनु, शिक्षकहरुमा शिक्षण पेशाप्रति उत्साहिपनको अभाव देखिनु, सरोकारवालाहरुले शिक्षणप्रति कम चासो देखाउनु, शिक्षामा राष्ट्रको लगानी कम हुनु जस्ता विविध कारणहरुले गर्दा शिक्षकहरुको सामाजिक शिक्षा विषयप्रति रुचि नभएको प्र.अ. हरुको साझा भनाई पाइयो । त्यस्तै कक्षा शिक्षण अवलोकनको क्रममा र विद्यालयको बाहिरी वातावरणको स्थिति अवलोकन गर्दा पनि श्री भीम उच्च मा.वि. र श्री पशुपति कन्या मा.वि.का शिक्षकहरुमा शिक्षणप्रति रुचि नआउने अवस्था पाइयो । कक्षामा विद्यार्थीहरुसँग गरिएको छलफल र विषयशिक्षकहरुसँग गरिएको प्रश्नावलीका आधारमा पनि चारै जना प्रधानाध्यापकहरुले सामाजिक विषयको कक्षा अवलोकन गरेको पाइएन ।

यसरी अध्ययन अनुसन्धान गरिएका चारवटै विद्यालयका प्र.अ. र चारैजना सामाजिक शिक्षा विषय शिक्षकहरुको भनाई समग्रमा शिक्षण पेशामा संलग्न सामाजिक विषय शिक्षकको

विषयप्रति रुचि नहुनुको कारण प्रायः एकै किसिमको पाइयो । तर यस सम्बन्धमा विशेष गरी शिक्षकले पनि आफ्नो शिक्षा पेशालाई मर्यादित र प्रभावकारी बनाउनको लागि शिक्षक स्वयम् पनि सक्रिय रहनुपर्ने देखिन्छ । त्यस्तै गरेर शिक्षण सिकाई क्रियाकलापप्रति श्री कालिञ्चोक उच्च मा.वि.का शिक्षक आफै क्रियाशील भई शिक्षण गरेका र विद्यालयको शैक्षिक वातावरण पनि अनुकूल रहेको कारण सामाजिक शिक्षा शिक्षणप्रति रुचि रहेको पाइयो । तर अन्य ३ वटा विद्यालयको शैक्षिक वातावरण प्रतिकूल भएको कारणले गर्दा पनि सामाजिक शिक्षा विषयप्रति शिक्षकको रुचि नहुने पाइयो ।

त्यस्तै गरी स्रोत व्यक्ति, विद्यालय निरीक्षक र विषयसँग सम्बन्धित अन्य उत्तरदाताहरुको आधारमा प्राप्त सूचना अनुसार यस सामाजिक शिक्षा विषय शिक्षण गर्ने शिक्षकको प्रवृत्ति अंग्रेजी, गणित विज्ञान जस्तो यो विषय महत्वपूर्ण होइन भन्ने कारणले गर्दा पनि यस विषयप्रति शिक्षण गर्न शिक्षकको रुचि नहुने पाइयो । त्यसैगरी केन्द्रबाट नै यस विषयलाई फित्तलो विषयको रुपमा हेरिनुको कारणले पनि शिक्षकहरुमा यो विषयप्रति रुचि नहुने विद्यालय निरीक्षकले बताउनु भएको थियो । त्यस्तै कतिपय शिक्षकहरुमा आफ्नो पारिश्रमिक अनुसारको सेवा सुविधा कम भएको कारण, कतिपय शिक्षकहरुको जागिर धान्ने प्रवृत्तिको कारण, त्यस्तै शिक्षकहरुमा आफ्नो वृत्ति विकास नभएको कारणले गर्दापनि शिक्षकहरुमा यो विषय शिक्षणप्रति रुचि नभएको जानकारी पूरक व्यक्तित्वहरुबाट पाइयो ।

### ४.१.४ शिक्षकको सामाजिक शिक्षा शिक्षणप्रति रुचि बढाउने उपायहरु

माध्यमिक तहमा सामाजिक शिक्षा विषयप्रति शिक्षकको रुचि बढाउने उपाय सम्बन्धमा नमुना छनोट गरिएका चार वटै विद्यालयका चारैजना शिक्षकसँग गरिएको प्रश्नावलीको आधारमा प्राप्त प्रतिक्रियात्मक सूचना अनुसार चार वटा विद्यालयमध्ये श्री भीम उच्च मा.वि.का शिक्षकका अनुसार सर्वप्रथम त जुन विषय शिक्षण गर्नुपर्ने हो त्यही विषयमा विशिष्टीकरण गरेको शिक्षक हुनुपर्दछ । त्यसैगरी चार वटै विद्यालयका शिक्षकहरुबाट सामाजिक शिक्षा विषय शिक्षण गर्ने शिक्षकको रुचि बढाउने उपाय सम्बन्धमा यस विषयको लागि आवश्यक पर्ने स्रोत साधन विद्यालयमा प्रयाप्त मात्रामा व्यवस्था गरिएको हुनुपर्दछ, शिक्षकहरुलाई लामो तथा छोटो अवधिका पुनः ताजगी तालिमको व्यवस्था गरिनुपर्दछ, विद्यालयमा यस विषय सम्बन्धी शिक्षण सिकाइ क्रियाकलापको समयमा भए गरेका राम्रा पक्ष तथा नराम्रा पक्षको बारेमा गोष्ठी, सेमिनार तथा बैठक बोलाई छलफल गरी समस्याहरुको निचोड निकालिनु पर्दछ भनेर सबै शिक्षकहरुले बताएका थिए । यसका अलावा ४ वटा विद्यालय मध्ये ३ वटा विद्यालयका शिक्षकहरुको भनाईमा सामाजिक शिक्षा विषयप्रति शिक्षकहरुको रुचि बढाउने उपाय भनेको विद्यालय वरपरको शैक्षिक वातावरण तथा भौतिक वातावरण उपयुक्त खालको हुनुपर्ने बताउनु भएको थियो । त्यस्तै कुटिडाँडा उच्च मा.वि.का शिक्षकको भनाईमा शिक्षकहरुलाई आफ्नो

बृत्तिविकास हुने व्यवस्था सरकारले मिलाउनु पर्दछ तब मात्र शिक्षणप्रति रुचि आउने कुरा बताउनु भएको थियो । यी माथिका कुराहरु पूर्ण भएको खण्डमा सामाजिक शिक्षा विषयप्रति शिक्षकको शिक्षण सिकाइ क्रियाकलापप्रति आत्मसन्तुष्टि हुने कुरा चारै जना शिक्षकको साझा भनाई पाइयो । कालिञ्चोक उच्च मा.वि.का शिक्षक आफू शिक्षण कार्यमा आत्म सन्तुष्टि रहेको बताउनु भएको थियो भने अन्य ३ वटा विद्यालयका शिक्षक भने शिक्षण कार्यमा त्यति आत्मसन्तुष्टि रहेको पाइएन। किन आत्मसन्तुष्टि हुनु हुँदैन भन्ने प्रश्न राख्दा प्रायः सबै शिक्षकले माथि भनिएका कुराहरुले गर्दा आत्म सन्तुष्टि हुन नसकेको कुरा बताउनु भएको थियो । श्री कालिञ्चोक उच्च मा.वि.का शिक्षकको भनाइमा भने यस विषय सम्बन्धी विद्यालयमा प्रायः सम्पूर्ण सामग्री उपलब्ध भएको र विद्यालयको वातावरण पनि राम्रो भएको कारण सन्तुष्टि रहेको पाइयो ।

अध्ययन अनुसन्धान गरिएका चार वटै विद्यालयका चारै जना प्रधानाध्यापकसँग खुल्ला अन्तर्वार्ता-प्रश्नावलीको माध्यमबाट प्राप्त सूचना अनुसार सामाजिक शिक्षा विषयप्रति शिक्षकको रुचि बढाउने उपाय सम्बन्धमा चारवटै विद्यालयका प्रधानाध्यापकको मिल्दो प्रतिक्रिया यी विषयमा शिक्षकको शिक्षणप्रति रुचि बढाउनको लागि सर्वप्रथम त शिक्षक, विद्यार्थी र अभिभावकको सु-सम्बन्ध कायम हुन जरुरी छ । त्यस्तै शिक्षा ऐन, नियम, सेवा, सुविधाको राम्रो व्यवस्था हुनुपर्ने देखिन्छ । ऐन नियम कानुनलाई सबै शिक्षकले पालना गर्नुपर्दछ । यो विषय सँग सम्बन्धित लामो तथा छोटो अवधिका तालिम सञ्चालन गरिनु पर्दछ । यो विषय एउटा मिश्रित विषयमा आएको हुँदा सम्पूर्ण विषयसँग सम्बन्धित सन्दर्भसामग्रीहरुको प्रयाप्त मात्रामा व्यवस्थापन गरिनु पर्दछ । त्यस्तै शिक्षकहरुलाई नयाँ-नयाँ प्रविधिहरुको हस्तान्तरण गरिनुपर्दछ भनेर साझा भनाई पाइयो । श्री कुटिडाँडा उच्च मा.वि.का प्रधानाध्यापकको प्रतिक्रिया अनुसार यस विषयप्रति शिक्षकमा रुचि बढाउने सन्दर्भमा शिक्षकको आफ्नो पेशाबाट भएको पारिश्रमिकले परिवारको जीवन निर्वाह सन्तोषजनक रुपमा भएको खण्डमा शिक्षकको शिक्षणप्रति रुचि बढ्ने उपाय बताउनु भएको थियो । विद्यालयको शैक्षिक तथा भौतिक वातावरण पनि राम्रो भएको खण्डमा शिक्षकको यस विषय शिक्षणप्रति रुचि बढ्दछ भन्ने प्रतिक्रिया श्री भीम उच्च मा.वि.का प्रधानाध्यापकको पाइयो । सामाजिक शिक्षा विषय अरु विषयको तुलनामा बढी कठिन विषय देखिन्छ किनकी यस विषय शिक्षण गर्ने शिक्षकलाई सामाजिक विज्ञानका विषयहरु पनि ज्ञान हुनुपर्ने भएको हुँदा यी धेरै विषयसँग सम्बन्धित कुराहरु इन्टरनेट मार्फत् पाउन सकिन्छ । त्यसकारण यस विषय सम्बन्धी शिक्षकलाई शिक्षण गर्न कठिन भएको खण्डमा यस इन्टरनेट मार्फत् खोज गरी सजिलैसँग शिक्षण गर्न सक्दछ । त्यसैले यसको व्यवस्था प्रायः विद्यालयले गर्न जरुरी देखिन्छ भनेर कालिञ्चोक उच्च मा.वि.का प्र.अ. को प्रतिक्रिया पाइयो । इन्टरनेट सम्बन्धी व्यवस्था कक्षा शिक्षण अवलोकनको क्रममा र विद्यार्थी, शिक्षक र प्र.अ.सँगको छलफलका क्रममा, भीम उच्च मा.वि. र कालिञ्चोक उच्च मा.वि. मा रहेको पाइयो तर

इन्टरनेट सम्बन्धी ज्ञान नभएको कारणले गर्दा पनि लागू नभएको अवस्था छलफल मार्फत् पाइयो ।

पूरक व्यक्तित्वका रुपमा रहनु भएका (स्रोत व्यक्ति, विद्यालय निरीक्षक, विषयसँग सम्बन्धित अन्य उत्तरदाता) व्यक्तिहरुसँग खुल्ला प्रश्नावलीको आधारमा प्राप्त सूचना अनुसार सामाजिक शिक्षा विषय शिक्षकको शिक्षणप्रति रुचि बढाउने उपाय सम्बन्धमा प्राप्त प्रतिक्रिया यस विषय शिक्षण गर्ने शिक्षक सधैं क्रियाशील रहि रहनुपर्ने वातावरण विद्यालयले सृजना गराउनु पर्दछ । केन्द्रीय स्तरबाट नै यस विषयलाई एउटा समाज, राष्ट्र र विश्व चिनाउने महत्वपूर्ण विषयको रुपमा हेरी यस विषय शिक्षण गर्ने शिक्षकहरुलाई विभिन्न किसिमका तालिमको व्यवस्था गर्नु पर्ने देखिन्छ । ऐन, नियम, कानुनलाई कडाईका साथ लागू गराउनु पर्दछ । यसको साथसाथै महत्वपूर्ण कुरा सामाजिक शिक्षा शिक्षण गर्ने शिक्षकलाई आत्मसन्तुष्टि रहने वातावरण सृजना गर्न सक्नु नै यस विषय शिक्षकलाई रुचि बढाउने उपाय मानिन्छ । शिक्षकलाई आत्मसन्तुष्टि रहने वातावरण सृजना गर्न निम्नलिखित कुराहरु हुनुपर्दछ :-

### ४.१.४.१ शैक्षिक वातावरण

विषय वस्तुमा तथ्यगत ज्ञानका कुराहरु विद्यार्थी व्यवहारमा देखाउन वातावरणले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । अहिलेसम्म शिक्षा क्षेत्रमा देखिएका जति पनि गतिविधि र उपलब्धिहरु छन् ती सबैमा त्यहाँको शैक्षिक वातावरणको देन लुकेको हुन्छ । त्यसेले सभ्य सामाजिक व्यक्तित्व निर्माणको लागि पनि असल सामाजिक वातावरण दिन सक्नु पर्दछ । त्यस्तो वातावरण भएको खण्डमा शिक्षक आत्म सन्तुष्टि भई शिक्षणप्रति रुचि देखाएको हुन्छ ।

### ४.१.४.२ भौतिक वातावरण

विषयवस्तुले दिन खोजेको यथार्थ सन्देशलाई विद्यार्थी जगत्को मानसपटलमा पुऱ्याउन त्यहाँको भौतिक वातावरणले पनि उल्लेख्य भूमिका खेलेको हुन्छ । शान्त वातावरण, सजिलो बस्ने ठाउँ, खुल्ला ठाउँ, ठिक्क उज्यालो, क्यान्टिन, चर्पी, पानी, खेल्ने मैदान सबैको उचित व्यवस्था भएमा शिक्षण क्रियाकलाप प्रभावकारी हुन जान्छ ।

### ४.१.४.३ चेतनाको अवस्था

असल शैक्षिक वातावरणको सृजना गरी पाठ्यक्रमका उद्देश्यहरु पूरा गर्न शिक्षक, विद्यार्थी तथा अभिभावकको चेतना मिल्नु पर्दछ । यदि सबै सचेत भई सबैले आ-आफ्नो कर्तब्य पूरा गरे भने लक्ष्यमा पुग्न कुनै गाह्रो हुँदैन र शिक्षकलाई पनि शिक्षण गर्न सहज वातावरण हुने भएकाले शिक्षणप्रति रुचि देखाई शिक्षण गर्दछ ।

### ४.१.४.४ अभिभावकको सहयोग

शिक्षणलाई प्रभावकारी बनाई निर्दिष्ट गरिएका विषयवस्तु पूरा गर्न विद्यार्थी, अभिभावक र शिक्षकको बीचमा त्रिकोणात्मक सह-सम्बन्ध हुन जरुरी छ । अभिभावकको सहयोग बिना कुनै पनि शिक्षण गतिविधिहरु अघि बढ्न सक्दैनन् । शिक्षण क्रियाकलापलाई सहज बनाई अगाडि बढाउनको निमित्त आवश्यक वातावरण सिर्जना गर्नु अभिभावकको भूमिका रहको हुन्छ । सबै विद्यालयमा यस्तो व्यवस्था हुन सकेको छैन । यो वातावरण उपलब्ध भई शिक्षण गर्दा शिक्षक आत्मसन्तुष्टि भई शिक्षण क्रियाकलापप्रति रुचि बढाउँदछ ।

### ४.१.४.५ शिक्षण सामग्री

सामाजिक शिक्षा विषय शिक्षकले शिक्षणगर्दा शिक्षण सिकाइ क्रियाकलापमा प्रयोगगरिने विषयवस्तु अनुसारका शैक्षिक सामग्री विद्यालयमा उपलब्ध नभएको कारण शिक्षकहरु शिक्षणप्रति आत्मसन्तुष्टि हुन सकेका छैनन् । यी शैक्षिक सामग्रीको अभावका कारण शिक्षण सिकाई क्रियाकलाप गराई विद्यार्थीहरुलाई बुझाउन शिक्षकलाई कठिन भएको समस्या नेपालमा विद्यमान छ । त्यसैले शैक्षिक सामग्रीको अभावका कारण शिक्षकलाई शिक्षण गर्दा अल्छिपना बढेर आउँछ । त्यस अनुसार विषयवस्तु अनुरुपका शैक्षिक सामग्री उपलब्ध गराई शिक्षण गर्दा शिक्षकमा रुचि आउने गर्दछ ।

### ४.१.४.६ समय

सामाजिक शिक्षा विषय शिक्षण गर्ने समय थोरै भएको कुरा अवलोकन मार्फत् पाइयो । हप्तामा ५ दिन र त्यसमा पनि ४५ मिनेटको समयमा शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गर्दा समयमा कोर्ष सिध्याउन कठिन भएको कुरा शिक्षकले बताएको पाइन्छ । त्यसकारण समय अनुकूल गराई शिक्षकहरुले शिक्षण गर्दा रुचि उत्पन्न हुने गर्दछ र शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी हुन जान्छ ।

### ४.१.४.७ आधुनिक प्रविधिको प्रयोग

पछिल्लो समयमा विकसित भई आएका विविध विधूतीय शैक्षिक सामग्रीहरुले शिक्षणमा सुगमता ल्याई शिक्षा क्षेत्रलाई एउटा क्रान्ति नै ल्याइदिएको छ । इमेल, इन्टरनेट, प्रोजेक्टर जस्ता प्रविधिले शिक्षा क्षेत्रको विकासमा फड्को मारी अगाडि बढाउन धेरै सहयोग मिलेको छ । तर पनि यस्ता प्रविधि सबै विद्यालयमा गरिबीको कारण तथा प्राविधिक ज्ञानको अभावमा प्रयोगमा आउन सकेको छैन । त्यसैले गर्दा सामाजिक शिक्षामा शिक्षण गर्दा विभिन्न देश, महादेश, भूकम्प, घटनाहरु जस्ता विषयवस्तुप्रति जति ज्ञान विद्यार्थीहरुलाई दिनुपर्दछ त्यो दिनको

लागि शिक्षकले सामाजिक शिक्षा विषयको थोरै विषयवस्तु बताएर पुग्दैन त्यो बृहत् कुरा जान्नको लागि इमेल, इन्टरनेट मार्फत् खोजी गरी थाहा पाउन सकिन्छ । तब मात्र शिक्षकको शिक्षण प्रति रुचि बढेर आउँदछ ।

यसरी यी माथिका उपायहरु अवलम्बन गर्न सकिएको खण्डमा शिक्षकको सामाजिक शिक्षाप्रति रुचि बढ्न जाने कुरामा दुई मत छैन भन्ने कुरा पूरक व्यक्तिहरुको प्रतिक्रियाका आधारमा पाइयो ।

## ४.२ सामाजिक शिक्षा विषय अध्यापनमा अपनाइएका शिक्षण विधि तथा शैक्षिक सामग्री

अनुसन्धानकर्ता अध्ययन क्षेत्रमा गई सामाजिक शिक्षा विषय शिक्षकले शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्दा प्रयोग हुने शिक्षण विधि तथा शैक्षिक सामग्री के-कस्तो रुपमा प्रयोग गर्दछन् भन्ने सम्बन्धमा नमुना छनोट गरिएका चारवटा विद्यालयका प्रधानाध्यापक, विषय शिक्षक, विद्यार्थी, पूरक व्यक्तित्वहरु, विद्यार्थी समूह छलफल र कक्षा शिक्षण अवलोकन फारमको सहायताले प्रतिक्रियात्मक सूचनाहरु संकलन गर्ने कार्य गरिएको थियो । जसबाट प्राप्त सूचनाहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

### ४.२.१ शिक्षण विधि

शिक्षाका निर्धारित उद्देश्यहरु प्राप्त गर्न उपयुक्त शिक्षण विधिको आवश्यकता पर्दछ । उपयुक्त ढंगबाट शिक्षण नभए सम्म शिक्षण प्रभावकारी बन्न सक्दैन । शिक्षण विधिले लक्ष्य सम्म पुग्न यातायातको काम गवर्दछ । बालबालिकाहरुलाई विषयवस्तुको धारणा स्पष्ट बनाई ज्ञान, सीप र अभिवृत्ति विकास गर्न शिक्षण विधिले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

शिक्षण विधिको सम्बन्धमा चारवटा विद्यालयका विद्यार्थी समूहसँग छलफल गरी सूचना संकलन गर्ने क्रममा सामाजिक शिक्षा विषय, शिक्षकले शिक्षण गर्दा शिक्षण विधिको सम्बन्धमा प्रायः ७५ प्रतिशत व्याख्यान विधि प्रयोग गर्ने कुरा सबै विद्यार्थीबाट पाइयो । कक्षा शिक्षण अवलोकनको क्रममा पनि सो कुरा थाहा पाइयो । पाठको प्रकृति अनुसार सधैं व्याख्यान विधि नमिल्ने र सधैं यही विधि प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीहरुमा निष्क्रियपन आउनुको साथै विषयवस्तुप्रति लाग्ने रुचि वा उत्साह नभई अल्छिपना बढेर जाने कुरा श्री भीम उच्च मा.वि.का १० जना मध्ये ६ जनाले बताएको पाइयो भने अन्य तीन वटा विद्यालयका विद्यार्थीहरुको प्रतिक्रिया पनि मिल्दो पाइयो । अन्य विधिको रुपमा कहिले काहीँ प्रश्नोत्तर र छलफल विधि पनि प्रयोग गरेको पाइयो । शिक्षकले कुन विधि प्रयोग गरी शिक्षण गर्दा बुझिन्छ ? भन्ने प्रश्नको उत्तरमा विषयवस्तु हेरी छलफल, प्रश्नोत्तर, अवलोकन, प्रदर्शन, प्रयोगात्मक, शैक्षिक भ्रमण, समस्या समाधान विधि अपनाएमा प्रष्टसँग बुझिन्छ भन्ने प्रतिक्रिया विद्यार्थीहरुले बताएका

थिए । त्यस्तै शिक्षकले शिक्षण गर्ने क्रममा शिक्षक केन्द्रित विधि भन्दा विद्यार्थी केन्द्रित विधि प्रयोग गर्दा अझ आफूहरु विषयवस्तु प्रति निकै उत्साहित र सक्रिय भई शिक्षण क्रियाकलापमा सहभागी हुने कुरा विद्यार्थीसँगको छलफलका आधारमा पाइयो ।

शिक्षकले कक्षा शिक्षणमा प्रयोग गर्ने विधिको सम्बन्धमा चारवटै विद्यालयका विषय शिक्षकसँग खुल्ला प्रश्नावलीका माध्यमबाट प्राप्त सूचना अनुसार शिक्षण विधि भन्नाले के बुझ्नुहुन्छ ? भनेर प्रश्न राख्दा श्री भीम उच्च मा.वि.का शिक्षकले विषयवस्तुको बारमो विद्यार्थीहरुलाई ज्ञान दिन अपनाइने क्रियाकलापलाई शिक्षण विधि भन्नु भएको थियो । त्यस्तै कुटिडाँडा उच्च मा.वि. का शिक्षकको भनाइमा पाठ्यक्रमले राखेका उद्देश्यहरु पूरा गर्न शिक्षण क्रियाकलापको समयमा विद्यार्थीहरुलाई बुझाउन गरिने गतिविधिलाई शिक्षण विधि भनिएको पाइयो भने ४ मध्ये बाँकी २ वटा विद्यालयका शिक्षकका अनुसार शिक्षण सिकाइ क्रियाकलाप गर्दा अपनाइने तरिकालाई शिक्षण विधि भनिएको पाइयो । सामाजिक शिक्षा विषय शिक्षणमा के-कस्ता विधिहरु प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्न राख्दा व्याख्यान विधि सबैभन्दा बढी प्रयोग गरिने र प्रश्नोत्तर, छलफल विधि चाहिँ कहिलेकाहीँ प्रयोग गरिने कुरा चारवटै विद्यालयका शिक्षकहरुको साझा भनाई पाइयो । किन व्याख्यान विधि बढी प्रयोग गर्नु भएको भन्ने सम्बन्धमा चाहि विद्यालयमा विषयवस्तु अनुसारका शैक्षिक सामग्री पर्याप्त नहुँदा व्याख्यान विधि प्रयोगमा ल्याउनु परेको साझा भनाई पाइयो । सामाजिक शिक्षा विषय शिक्षणमा के-कस्ता विधि प्रयोग गर्न उपयुक्त होला ? भन्ने प्रश्न राख्दा विद्यालयमा शैक्षिक सामग्री पर्याप्त भएको खण्डमा प्रदर्शन विधि सामुहिक छलफल र क्षेत्र भ्मण विधि उपयुक्त हुने कुरा कालिञ्चोक उच्च मा.वि.का शिक्षकले बताउनु भएको थियो किनभने सामूहिक छलफल गर्दा विद्यार्थीहरु आफै सक्रिय भई विषयवस्तुको बारेमा नजानेका कुरा शिक्षकसँग सोधेर र विद्यार्थी एक आपसमा छलफल गरेर सिक्ने मौका पाउँदछन् र त्यसैगरी शैक्षिक भ्रमण विधि र प्रदर्शन विधिमा चाहिँ विद्यार्थीले आफ्नै आँखाले देखेर विषयवस्तुका बारेमा ज्ञान र धारणा प्राप्त हुन्छ जुन चिरस्थायी हुन्छ भन्ने कुरा पाइयो । अन्य ३ वटा विद्यालयका शिक्षकहरुको भनाइमा छलफल, प्रश्नोत्तर, समस्या समाधान, प्रदर्शन, क्षेत्र भ्रमण, अभिनय, विधि नै बढी उपयुक्त हुने कुरा यस विषयको लागि बताउनु भएको थियो । तर कक्षा शिक्षण अवलोकनको समयमा समूह छलफल गराएको भने पाइएन । यस्तै कुटिडाँडा उच्च मा.वि.का शिक्षकको भनाइमा समयमा नै कोर्ष सिध्याउनुपर्ने समस्याले गर्दा शैक्षिक सामग्री प्रयोग गरी उपयुक्त शिक्षण विधि प्रयोग गरी शिक्षण गर्दा समय बढी लाग्दछ । त्यसैले विषयवस्तु अनुसारको शिक्षण विधि प्रयोग गर्न नसकी व्याख्यान विधि र प्रश्नोत्तर विधि नै बढी फोकस गर्नु परेको कुरा बताउनु भएको थियो । क्षेत्र भ्रमण विधि पनि प्रयोग गराउनु हुन्छ भन्ने सम्बन्धमा विषयवस्तु अनुसारकै क्षेत्र भ्रमण विधि प्रयोग गराउन त सम्भव छैन तर केही मात्रामा गराएको कुरा चारवटै विद्यालयका शिक्षकको

एउटै भनाइ पाइयो । भीम उच्च मा.वि.का शिक्षकको भनाइमा चाहिँ पूरातात्विक, भौगोलिक, धार्मिक र सामाजिक हिसाबले महत्वपूर्ण ठाउँमा प्रयोग गरेको कुरा बताउनु भएको थियो ।

माध्यमिक तहमा सामाजिक शिक्षा विषय शिक्षण गर्दा अपनाइने शिक्षण विधिको सम्बन्धमा अध्ययन गरिएका चारवटा विद्यालयका चारैजना प्रधानाध्यापकसँग गरिएको खुल्ला अन्तर्वार्ता प्रश्नावलीको आधारमा प्राप्त सूचना अनुसार चारवटै विद्यालयका प्रधानाध्यापकहरुको साझा भनाई शिक्षकले बढी मात्रामा व्याख्यान विधि र कहिलेकाहीँ छलफल र प्रश्नोत्तर विधि प्रयोग गर्दछन् । व्याख्यान विधि बढी प्रयोग गर्नाको कारण शैक्षिक सामग्रीको आभावले गर्दा प्रयोग गर्नु परेको कुरा पाइयो । यस विषयमा कुन-कुन विधि बढी प्रभावकारी हुन्छन् ? भनी प्रश्न राख्दा प्रदर्शन, प्रयोगात्मक स्थलगत भ्मण विधि प्रभावकारी हुने कुरा चारै जना प्रधानाध्यापकहरुले बताउनु भयो । अन्य विधिको रुपमा व्याख्यान, छलफल, प्रश्नोत्तर समस्या समाधान, अभिनय विधि चाहिँ पाठको प्रकृति हेरी प्रयोग गर्न सकिने कुरा श्री भीम उच्च मा.वि.का प्रधानाध्यापकले बताउनु भयो । त्यसैगरी श्री कुटिडाँडा उच्च मा.वि.का प्रधानाध्यापकको प्रतिक्रिया अनुसार सामाजिक शिक्षा धेरै विषयहरुको एकिकृत रुप हो । त्यसैले एउटै शिक्षक धेरै विषयमा पोख्त हुन सक्दैन जस्तै विषयवस्तुमा शास्त्रीय गित र संगित बजाउनु र गाउनु पर्ने भनेर भनिएको छ जुन विशेष तालिम बिना सम्भव छैन । त्यसैले विषयवस्तु अनुरुपको उपयुक्त विधि प्रयोग गर्न शिक्षकलाई समस्या हुने गरेको पाइयो ।

कक्षा शिक्षण अवलोकनको क्रममा पनि सबैभन्दा बढी शिक्षकले शिक्षण गर्ने व्याख्यान विधि नै प्रयोग गरेको पाइयो ४ पटक सम्मको अवलोकनमा एक दिन छलफल र प्रश्नोत्तर विधि प्रयोग गरेको श्री भीम उच्च मा.वि. मा पाइयो । त्यस्तै प्रदर्शन विधि र प्रयोगात्मक विधि चाहिँ कालिञ्चोक उच्च मा.वि.का शिक्षकले गराउनु भएको पाइयो । चार वटा विद्यालय मध्ये तीन वटा विद्यालयमा बढी मात्रामा शिक्षक केन्द्रित विधि नै प्रयोग गरेको पाइयो भने कालिञ्चोक उच्च मा.वि.मा शिक्षकले शिक्षक केन्द्रित विधिको साथसाथै विद्यार्थी केन्द्रित विधि पनि प्रयोग गराएको पाइयो । विषयवस्तु अनुसारका शिक्षण विधि चारवटा विद्यालय मध्ये कालिञ्चोक उच्च मा.वि. मा केही मात्रामा गराएको पाइयो भने अन्य ३ वटा विद्यालयमा उपयुक्त शिक्षण विधि प्रयोग गराएको कक्षा शिक्षण अवलोकनको समयमा पाइएन ।

संक्षेपमा शिक्षकले शिक्षण गर्दा व्याख्या विधिको मात्र प्रयोग नगरी सम्भव हुने अन्य विधि जस्तो छलफल, प्रश्नोत्तर, समस्या-समाधान, प्रदर्शन, अभिनय विधि शिक्षकले गराउन सकिन्छ । यस्ता विधिहरु प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीमा सक्रियता आउनुको साथै विषयवस्तु प्रति जान्नको लागि प्रेरणा बढेर आउँदछ त्यसैले शिक्षकले विद्यालयमा भएका शैक्षिक सामग्री प्रयोग गरी यस्ता विधि सहित शिक्षण गर्न उत्प्रेरित हुनु पर्दछ । अरु सम्भव नहुने क्षेत्र भ्रमण विधि चाहिँ विद्यालयको सहमती बेगर गराउन कठिन पर्दछ । त्यसको लागि पनि

विद्यालयलाई ध्यान केन्द्रित गरी उपयोग गर्न सकेको खण्डमा प्रभावकारी हुने देखिन्छ । विद्यार्थीहरुले पनि देखेर प्रत्यक्ष रुपमा सिक्ने अवसर पाउँदछन् । एक आपसमा आफ्ना तर्क, वितर्क गरी खोज गर्न सक्ने क्षमताको विकास यस विधिले गराउने देखिन्छ ।

### ४.२.२ शैक्षिक सामग्री

शिक्षण सिकाइ क्रियाकलाप सरल र सहज बनाउनको लागि शैक्षिक सामग्रीको महत्वपुर्ण भूमिका रहेको हुन्छ । त्यसैले शैक्षिक सामग्रीको सहायताबाट शिक्षण गर्दा विद्यार्थीहरुले विषयवस्तु सहज तरिकाले बुझि निर्धारित लक्ष्य सम्म पुग्न मद्दत गर्दछ । सामग्रीको प्रयोगले प्रयोगात्मक तथा गुणात्मक ज्ञान प्रदान गर्न सहयोग गर्दछ । शिक्षाविद् केबुलले (१९६८) देखाइका माध्यमले ९० प्रतिशत सिकाई हुन्छ भनी बताए । राष्ट्रिय योजनाले राखेका कार्यक्षेत्रहरु १७ नम्बर मध्ये १० औं क्रममा सन्दर्भसामग्री तथा अन्य सामग्रीहरुको उत्पादन सम्बन्धी चासो देखाइएको थियो । शिक्षा योजनाले विभिन्न उद्देश्य अनुरुप शिक्षण क्रियाकलापलाई प्रभावकारी रुपमा अगाडि बढाउन शैक्षिक सामग्रीको प्रयोग गर्नु पर्ने हुन्छ । सामाजिक शिक्षा विषयमा विभिन्न विषयवस्तु सम्बन्धी पाठ्यक्रम राखिएको छ । त्यसैले विषयवस्तुलाई विद्यार्थी समक्ष पुऱ्याउनको लागि विभिन्न विधि अनुसारका शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्दछ । शैक्षिक सामग्री भन्नाले कक्षा शिक्षणमा प्रयोग गरिने आवश्यक सामग्रीलाई बुझाउँदछ ।

नमुना छनोट गरिएका चारवटा विद्यालयका विद्यार्थी समूह छलफलका आधारमा प्राप्त सूचना अनुसार शिक्षण सिकाई क्रियाकलापको समयमा शैक्षिक सामग्रीको माध्यमबाट शिक्षण गर्दा विद्यार्थीहरुलाई विषयवस्तु बझ्न सजिलो हुने जम्मा ४० जना विद्यार्थीहरु मध्ये ४० जना विद्यार्थीहरुले नै प्रतिक्रिया दिइएको पाइयो । शैक्षिक सामग्री विद्यालयमा उपलब्धताको अवस्था बुझ्दा श्री कालिञ्चोक उच्च मा.वि.मा प्रायः शैक्षिक सामग्री उपलब्ध भएको बताए भने अन्य तीन वटा विद्यालयमा पनि सबै नभए पनि सामान्य रुपमा शैक्षिक सामग्री रहेको बताए । शिक्षकले शिक्षण क्रियाकलाप गराउँदा शैक्षिक सामग्री प्रयोग सम्बन्धमा विद्यार्थीसँग छलफल गर्दा प्रायः गरेर दैनिक रुपमा उपयोगमा आउने सामग्री किताब, डस्टर, कालोपाटी, चक बढी मात्रामा प्रयोग गरेको कुरा ४ विद्यालय मध्ये ३ विद्यालयका विद्यार्थीहरुको प्रतिक्रिया पाइयो । कालिञ्चोक उच्च मा.वि.का शिक्षकले भने विषयवस्तु अनुसारका शैक्षिक सामग्री प्रयोग गर्ने गरेको विद्यार्थी छलफलका क्रममा पाइयो । पशुपति कन्या मा.वि.का शिक्षकले पनि विषयवस्तु अनुसारका शैक्षिक सामग्री प्रयोग नगराएको विद्यार्थीहरुले बताएका थिए । यसरी अन्य २ वटा विद्यालयमा पनि सामाजिक शिक्षा विषय शिक्षण गर्दा विषयवस्तु अनुसारका शैक्षिक सामग्री विद्यालयमा नभएको कारण प्रयोग नगराइएको तर कहिलेकाहीँ चित्र, ग्राफ, तालिका, नक्शा शिक्षकले शिक्षणको क्रममा गरेको कुरा बताएका थिए । अधययन अध्यापनका क्रममा शिक्षकले

सामग्री प्रयोग गर्दा एक आपसमा नयाँ नौलो सामग्री निकै उत्साहित भई रुचि र ध्यान दिएर पढाइएको विषयवस्तु सुन्ने गरेको र अध्ययन पश्चात् विषयवस्तुप्रति आफू स्पष्ट भएको जानकारी विद्यार्थीहरुबाट पाइयो । कालिञ्चोक उच्च मा.वि.मा शैक्षिक सामग्रीको रुपमा इन्टरनेट प्रयोग गरी शिक्षण गरेको कुरा विद्यार्थीहरुले बताएका थिए । त्यस्तै शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गर्दा र सामग्री प्रयोग नगरी शिक्षण गर्दा विद्यार्थी छलफलको क्रममा प्रयोग नगरी शिक्षण गर्दा विषयवस्तु बुझ्न अप्ठ्यारो हुने पाइयो भने शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गर्दा विषयवस्तु सम्बन्धी ज्ञान चिरस्थायी हुने कुरा विद्यार्थीहरुले बताएको पाइयो ।

नमुना छनोट गरिएका चार वटै विद्यालयका चारै जना शिक्षकहरुसँग गरिएको प्रश्नावलीका माध्यमबाट प्राप्त प्रतिक्रियात्मक सूचना अनुसार शिक्षक निर्देशिका सम्बन्धमा चार विद्यालय मध्ये २ वटा विद्यालयमा पाइएको र दुई वटा विद्यालयमा नपाइएको त्यसमा पनि पाइएको मध्ये पुरानो पहिलेको प्राप्त भएको नयाँ नपाइएको शिक्षकले बताउनु भएको थियो । शिक्षक निर्देशिका प्रयोग सम्बन्धमा कुटिडाँडा उच्च मा.वि. र पशुपति कन्या मा.वि.का शिक्षकको प्रतिक्रिया अनुसार शिक्षक निर्देशिका शिक्षण सिकाई क्रियाकलापको समयमा अत्यन्तै सहयोगी सामग्री हो किनकी निर्देशिकामा हरेक विषयवस्तुको शिक्षण क्रियाकलाप सम्बन्धी कुन तरिका अपनाई शिक्षण गर्ने, शिक्षण गर्ने क्रममा कस्ता-कस्ता सामग्री प्रयोग गर्ने, विद्यार्थीहरुलाई कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा यस शिक्षक निर्देशिका मार्फत् प्राप्त गर्न सकिन्छ भन्ने साझा प्रतिक्रिया पाइयो । सामाजिक शिक्षा विषयमा शैक्षिक सामग्रीको आवश्यकता सम्बन्धमा यो विषय विभिन्न विषयहरुको एकिकृत रुप भएकोले अरु विषयमा भन्दा यस विषयमा बढी शैक्षिक सामग्री प्रयोग गर्नुपर्ने हुन्छ, त्यस्तै व्यवहार उपयोगी एवम् प्रयोगात्मक विषय भएको हुँदा शैक्षिक सामग्रीको आवश्यकता पर्दछ भनेर चारैजना शिक्षकहरुको प्रतिक्रिया पाइयो । यो विषय शिक्षण गर्दा प्रयोग गरिने शिक्षक सामग्रीहरुमा विषयवस्तुसँग सम्बन्धित पत्रपत्रिका, स्थानीय शैक्षिक सामग्री, दैनिक प्रयोगका सामग्री, चार्ट, नक्शा, ग्लोब, तालिका शिक्षक निर्मित सामग्री, चित्रहरु दैनिक प्रयोगमा ल्याउन नसकिने, भिडियो, टेलिभिजन, गोष्ठी, सेमिनार, वित्तचित्र, चलचित्र, नाटक आदि प्रयोग गर्न सकिने साझा भनाई शिक्षकहरुको पाइयो । त्यस्तै कालिञ्चोक उच्च मा.वि.का शिक्षकले यस विषयको लागि अझ प्रभावकारी आधुनिक प्रविधिको रुपमा इन्टरनेट सामग्री प्रयोग गर्न सकिने कुरा बताउनु भएको थियो । यो विषयको लागि आवश्यक सामग्री विद्यालयमा उपलब्ध भए नभएको सम्बन्धमा प्रश्न राख्दा ४ विद्यालय मध्ये २ वटा कालिञ्चोक उच्च मा.वि. र भीम उच्च मा.वि.मा विषयवस्तु अनुसार सबै नभए पनि प्राय भएको बताउनु भयो भने अन्य २ वटा विद्यालयमा सामान्य ग्लोब, नक्शा, चार्ट भएको अरु सामग्री नभएको शिक्षकहरुले बताउनु भयो । आवश्यक परेको बेला विद्यालयले तत्काल सामग्री उपलब्ध गराउन कठिन भएको शिक्षकहरुको साझा भनाई पाइयो ।

शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा शिक्षणको क्रममा आफैले सामग्री निर्माण गरी शिक्षण गरेको कुरा २ वटा विद्यालयका शिक्षकले बताउनु भएको थियो भने पशुपति कन्या मा.वि. र भीम उच्च मा.वि.का शिक्षकको भनाईमा भने सामग्री बनाउन कठिन भएकोले गर्दा आफैले सामग्री निर्माण गरी शिक्षण नगरेको प्रतिक्रिया पाइयो । तपाई कुन-कुन सामग्री प्रयोग गरी शिक्षण गर्नु हुन्छ ? भन्ने प्रश्नमा २ वटा विद्यालयका शिक्षकहरुको साझा उत्तर शिक्षण गर्दा प्राय चार्ट, नक्सा, ग्लोब प्रयोग गर्ने भन्ने पाइयो । शिक्षणमा शैक्षिक सामग्रीको रुपमा स्थानीय स्रोत वा साधनलाई पनि प्रयोग गर्नु भएको छ ? भन्ने प्रश्न राख्दा ४ वटा विद्यालय मध्ये २ वटा विद्यालयमा गरेको र २ वटा विद्यालयमा शिक्षकहरुले शिक्षणको क्रमा नगरेको प्रतिक्रिया पाइयो । शैक्षिक सामग्रीको अभावमा शिक्षण गर्ने सम्बन्धमा चारै वटा शिक्षकहरुको साझा उत्तर विद्यार्थीहरुलाई विषयवस्तु बुझाउन शैक्षिक सामग्रीको अभावमा कठिन हुने कुरा पाइयो । शिक्षकहरुलाई शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गर्दाको अनुभव सम्बन्धमा शिक्षकले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा प्रभावकारी साधनको रुपमा शैक्षिक सामग्री महत्वपुर्ण भएको हुँदा यसको प्रयोगले आफूलाई पनि विद्यार्थीहरुलाई विषयवस्तु सिकाउन शिक्षणको क्रममा सजिलो हुन्छ र विद्यार्थीहरुले पनि विषयवस्तु सजिलैसँग बुझ्न सक्ने हुन्छन् । त्यसैले पाठ्यक्रमले राखेका उद्देश्यहरु सजिलै पूरा गर्न सकिन्छ भनेर चारै जना शिक्षकहरुको साझा प्रतिक्रिया पाइयो । शिक्षण सामग्री निर्माण संकलन एवम् प्रयोगमा विद्यार्थीको सहभागिता सम्बन्धमा प्रश्न राख्दा ४ वटा विद्यालयका शिक्षकहरुको प्रायः एउटै भनाई विद्यार्थीहरुलाई नक्शा बनाउन लगाएर, ग्लोब हेर्न लगाए, चार्ट बनाउन लगाएर पनि प्रतिक्रिया दिएको पाइयो । श्री कालिञ्चोक उच्च मा.वि.का शिक्षकको भनाईमा इन्टरनेट मार्फत् समूहमा विद्यार्थीहरुलाई विषयवस्तु सम्बन्धी कुराहरु हेर्न लगाएर पनि प्रयोग गरेको कुरा बताउनु भएको थियो ।

अध्ययन अनुसन्धान गरिएका चार वटा विद्यालयका चारै जना प्रधानाध्यापकसँग गरिएको अन्तर्वार्ता प्रश्नावलीको माध्यमबाट प्राप्त सूचना अनुसार भविष्यमा गरिने वर्तमान कार्यको रुपरेखा योजना हो । जसमा भविष्यमा गरिने कार्यको लागि के कस्ता सामग्री र प्रक्रिया विद्यार्थीलाई कहाँदेखि कहाँसम्म पुऱ्याउने भन्ने स्पष्ट दृष्टिकोण शिक्षकमा हुनुपर्ने कुरा श्री भीम उच्च मा.वि.का प्रधानाध्यापकको भनाई पाइयो । त्यस्तै श्री कुटिडाँडा उच्च मा.वि.का प्रधानाध्यापकको प्रतिक्रिया अनुसार विद्यालयमा शिक्षण कार्यलाई उद्देश्यमूलक बनाउनको लागि सर्वप्रथम वार्षिक कार्यतालिका बनाउने त्यस अनुसार वार्षिक कार्ययोजना तयार गर्ने र वार्षिक कार्ययोजना अनुसार पाठयोजना तयार गरी शिक्षण सिकाइ क्रियाकलाप गराउँदा शिक्षण विधि र शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गर्नुपर्ने कुरा पाइयो  सामाजिक शिक्षा विषयको कक्षा शिक्षण समय-समयमा अवलोकन गर्नु भएको छ ? भन्ने प्रश्न राख्दा सबै प्रधानाध्यापकहरुको प्रायः भनाई कक्षाकोठामा नै गएर त अवलोकन नगरेको तर अप्रत्यक्ष रुपमा अवलोकन गरेको प्रतिक्रिया पाइयो । तपाईको विद्यालयमा सामाजिक शिक्षा शिक्षणका लागि प्रयोग गरिने सामग्री

के-कति उपलब्ध छन् ? भन्ने प्रश्नमा चारवटा विद्यालय मध्ये तनि वटा विद्यालयका प्रधानाध्यापकको साझा उत्तर सम्पूर्ण विषयवस्तु अनुसारका ाशैक्षिक सामग्री नभएको र केही मात्रामा भए पनि सामग्रीहरु विद्यालयमा उपलब्ध रहेको भने पाइयो भने कालिञ्चोक उच्च मा.वि. का प्र.अ.को भनाईमा प्रायःजसो सामाजिक शिक्षा विषयका लागि शैक्षिक सामग्री भएको प्रतिक्रिया दिनु भएको थियो । शैक्षिक सामग्री संकलनका मुख्य पक्षहरुको सम्बन्धमा विद्यालय, शिक्षक, विभिन्न गैर सरकारी तथा सरकारी संघसंस्थाहरु रहेको प्रधानाध्यापकहरुको भनाई पाइयो । विद्यालयमा उपलब्ध शैक्षिक सामग्री प्रायः शिक्षकहरुले शिक्षणको क्रममा प्रयोग गरेको कुरा चारै जना प्रधानाध्यापकहरुले बताउनु भएको थियो । स्थानीय स्रोत सामग्रीको रुपमा संस्कृति धर्म, रितिरिवाज, चाडपर्व पाठमा स्थानीय स्रोत सामग्री प्रयोग गर्नु पर्नेमा श्री कुटिडाँडा उच्च मा.वि.का प्रधानाध्यापकले शिक्षकले शिक्षणको क्रममा सबै नगरेता पनि केही मात्रामा गरेको कुरा बताउनु भएको थियो । कालिञ्चोक उच्च मा.वि. का प्रधानाध्यापकको भनाई आफ्नो विद्यालयमा यस विषयको लागि चाहिने सामग्री इन्टरनेट देखि लिएर, ग्लोब, नक्शा, चार्ट, विद्यालयबाट निर्मित सामग्री, शिक्षक निर्मित सामग्री विद्यार्थी निर्मित सामग्री भएको जानकारी दिनुभएको थियो भने अन्य ४ मध्ये ३ विद्यालयमा यस विषयको लागि चाहिने सामग्री जति हुनुपर्ने हो त्यति सामग्री नभएको कारण शिक्षकलाई यो विषय शिक्षण गर्न गाह्रो भएको कुरा प्रधानाध्यापकहरुको साझा भनाई पाइयो ।

पूरक व्यक्तित्वका रुपमा रहनु भएका (स्रोत व्यक्ति, विद्यालय निरीक्षक विषयसँग सम्बन्धित अन्य उत्तरदाता) प्रतिनिधिहरुको भेटघाट, छलफल, खुल्ला अन्तवार्ता प्रश्नावली आदिका माध्यमबाट प्राप्त जानकारी अनुसार शिक्षण सिकाई क्रियाकलापको सन्दर्भमा सामाजिक शिक्षा विषय विभिन्न विषयहरु समेटेर बनाइएको एउटा एकिकृत विषय भएको हुँदा यस्तो विषय प्रभावकारी ढंगबाट शिक्षण गरी निर्दिष्ट उद्देश्यहरु पूरा गर्न कठिन कार्य हुन आउँछ । त्यसैले यो विषयलाई प्रभावकारी ढंगबाट शिक्षण गर्न विषयवस्तु अनुसारका उपयुक्त, शैक्षिक सामग्रीको छनोट गरी शिक्षकले विद्यार्थी माझ प्रयोग गर्न सक्नुपर्दछ । जसको लागि शिक्षक योग्यता पुगेको, तालिम प्राप्त भएको खण्डमा मात्र शिक्षण प्रभावकारी हुन्छ । शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन सहयोग पुर्‍याउने शैक्षिक सामग्रीको बारेमा विद्यालय निरीक्षकका अनुसार जति र जसरी यस विषयको लागि शैक्षिक सामग्री प्रयोग गर्नुपर्ने हो । त्यति र त्यसरी शैक्षिक सामग्री प्रयोग गरेर शिक्षकले शिक्षण गरेका छैनन् । यसको कारण बुझ्दा माथिल्लो निकायबाट खासै चासो नदिने, सरकारी जागिर भएको शिक्षकले पाठ्यपुस्तक शैक्षिक सत्र भित्र सिध्याउने हेतुले मात्र शिक्षण गरेको पाइन्छ । त्यस्तै स्रोत व्यक्तिका अनुसार सामाजिक शिक्षा विषय शिक्षकले शिक्षण गर्दा विद्यालयमा उपलब्ध भएका ग्लोब, नक्शा, चार्ट आदि शैक्षिक सामग्री प्रयोग गर्ने गरेको तर विषयवस्तु अनुसारका शैक्षिक सामग्री त्यस्तै स्थानीय स्तरबाट उपलब्ध शैक्षिक सामग्री र आफूले पनि उपलब्ध गराउन सक्ने शैक्षिक सामग्री

जुटाई शिक्षण गर्न भने सक्रियता नदेखाएको पाइयो । सामाजिक शिक्षा विषय शिक्षक सूचना प्रविधिमा दक्ष हुनु पर्ने कुरा यस विषयसँग सम्बन्धित उत्तरदाताबाट पाइयो किनभने यो विषय समाज, राष्ट्र र विश्व चिनाउने विषय भएको हुँदा यस विषय सम्बन्धी जानकारी पाउनको लागि अत्यन्त उपयोगी शैक्षिक सामग्रीको रुपमा इन्टरनेट, इमेल प्रयोग गर्न सक्ने शिक्षक भएको खण्डमा शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी भई विषयवस्तुका उद्देश्यहरु पूरा हुन सक्ने प्रतिक्रिया पाइयो । त्यस्तै शिक्षक निर्देशिकाको प्रयोग गर्न, शिक्षण विधि र शैक्षिक सामग्री छनोट र प्रयोग गर्न शिक्षक दक्ष हुनुपर्दछ । सबै विद्यालयमा इमेल, इन्टरनेट सेवा उपलब्ध हुन सकेको खण्डमा यो विषय शिक्षण गर्न सजिलो हुने देखिन्छ ।

कक्षा शिक्षण अवलोकनको क्रममा ४ वटा विद्यालय मध्ये २ वटा विद्यालयमा शैक्षिक सामग्रीको रुपमा नक्शा, चार्ट देखाएर विषयवस्तु अनुसार प्रयोग गरेको पाइयो । २ वटा विद्यालयमा शैक्षिक सामग्री प्रयोग गरेको पाइएन । कालिञ्चोक उच्च मा.वि. मा भने शिक्षकले शिक्षण गर्दा महादेशको बारेमा विद्यार्थीहरुलाई महादेशहरुको चार्ट प्रदर्शन गरी कुन-कुन महादेश कहाँ-कहाँ पर्दछन् भनेर विद्यार्थीहरुको समूह बनाई विद्यार्थीहरुलाई प्रत्यक्ष देखाएर शिक्षण गरेको पाइयो भने श्री पशुपति कन्या मा.वि.मा शिक्षणको क्रममा शैक्षिक सामग्रीको रुपमा दैनिक उपयोगमा आउने पाठ्यपुस्तक पनि विद्यार्थीको मागेर शिक्षण गरेको पाइयो अन्य सामग्री ४ दिनको कक्षा अवलोकनको क्रममा प्रयोग गरेको पाइएन । त्यस्तै कुटिडाँडा उच्च मा.वि.मा भन्ने शिक्षकले शिक्षण गर्ने क्रममा स्थानीय शैक्षिक सामग्रीको रुपमा कृषि सम्बन्धी शीर्षकमा शिक्षण गर्दा गहुँको बिरुवा ल्याएर प्रदर्शन गरी शिक्षण गरेको पाइयो । त्यस्तै भीम उच्च मा.वि.मा पनि अक्षांश र देशान्तर शीर्षक शिक्षण गर्दा चार्ट ल्याएर प्रयोग गरेको पाइयो तर अन्य शैक्षिक सामग्री प्रयोग गरेको कक्षा शिक्षण अवलोकनको समयमा पाइएन ।

## ४.३ शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोगमा आइपरेका समस्या समाधानमा अपनाइएका उपायहरु

### ४.३.१ शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोगमा आइपरेका समस्याहरु

विद्यालयमा विभिन्न समुदायबाट विभिन्न संस्कृति संस्कार, चालचलन, भेषभुषा वर्ग भएका विद्यार्थीहरु ज्ञानआर्जन गर्न आउँदछन् । विभिन्न संस्कृति बोकेका विभिन्न स्तरका विद्यार्थीहरुको शिक्षाको माध्यमबाट व्यवहारमा परिवर्तन ल्याउन एउटा कठिन कार्य हुन आउँदछ । शिक्षकले प्रायेग गर्ने एउटै शिक्षण विधि तथा शैक्षिक सामग्रीको माध्यमबाट सबै विद्यार्थीमा समान किसिमको व्यावहारिक परिवर्तन लयाउन सकिँदैन । विद्यार्थीहरुको व्यक्तिगत भिन्नतालाई ध्यानमा राखी उनहिरुको क्षमता र स्वभावलाई उपयुक्त शिक्षण विधि तथा शैक्षिक सामग्रीको छनोट गर्न विषय शिक्षक निकै निपूर्ण र जागरुक हुन आवश्यक हुन्छ । त्यसको लागि

आज शिक्षकलाई शिक्षण विधि छनोट र प्रयोग, शैक्षिक सामग्रीको निर्माण, संकलन र प्रयोगको बारेमा आधारभूत तालिम तथा समय-समयमा पूर्नताजगी तालिमको यथोचित व्यवस्था हुन सकेको छैन । जुन शिक्षण क्रियाकलापलाई प्रभावकारी बनाई उद्देश्यहरु पूरा गर्नको लागि समस्याको रुपमा देखिएको छ ।

शिक्षकलाई शिक्षण विधिको प्रयोग र शैक्षिक सामग्रीको प्रयोग सम्बन्धमा प्रश्न राख्दा सबै उपयुक्त विधिको प्रयोग तथा शैक्षिक सामग्री जुटाई प्रयोग गर्दा शैक्षिक सत्र भित्र कोर्ष पूरा गरी सक्न गाह्रो पर्ने हुँदा जसरी हुन्छ व्याख्यान विधि अपनाई पाठ्यपुस्तक सक्नुपर्ने समस्या रहेको कुरा बताउनु भएको थियो । त्यसको साथै शिक्षकलाई शिक्षण गर्दा उपयुक्त शिक्षण विधि र शैक्षिक सामग्रीको छनोट गर्न समयमा नै शिक्षक निर्देशिका उपलब्ध नभएकोले गर्दा पनि शिक्षण क्रियाकलापमा समस्या झेल्नु परेको कुरा बताइएको थियो । विद्यालय प्रशासनले पर्याप्त मात्रामा सामग्री उपलब्ध गराउन नसक्नाले र कुन पाठमा कुन विधि उपयुक्त हुन्छ भन्ने कुरा शिक्षकले छनोट गर्न नसक्नु पनि समस्या रहेको कुरा पाइयो । शैक्षिक भ्रमण जान आर्थिक स्रोत कम भएको कारण पनि क्षेत्र भ्रमण विधि प्रयोगमा समस्या रहेको कुरा शिक्षकले बताउनु भएको थियो ।

त्यस्तै प्रधानाध्यापकहरुको साझा भनाई मा विद्यालयमा सामाजिक शिक्षा विषयका लागि आवश्यक पर्ने सामग्री र यस विषयका विशेषज्ञता हासिल गरेका शिक्षकहरुको अभाव आदिका कारणबाट कुन विधि प्रयोग गरी शिक्षण गर्ने भन्ने ज्ञानको अभाव शिक्षकमा रहेको हुन्छ । त्यस्तै सरकारबाट शैक्षिक सामग्री सहयोगका लागि आर्थिक सहयोग नगरेको कारण त्यस्तै शिक्षकलाई आवश्यक मात्रामा तालिमको व्यवस्था नहुँदा कुन विषयवस्तुमा कुन विधि र सामग्री प्रयोग गर्ने भन्ने कुरामा शिक्षक अन्यौल हुनुपर्ने समस्या देखिएको पाइयो ।

### ४.३.२ समस्या समाधानका उपायहरु

अध्ययनको क्रममा नमूना छनोटमा परेका विद्यालयमा विद्यार्थी शिक्षक, प्रधानाध्यापक तथा पूरक व्यक्तिहरुसँग शिक्षण विधिको छनोट र शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरुको समाधानको उपायको बारेमा सूचनाहरु संकलन गरिएको थियो ।

सामाजिक शिक्षा शिक्षणका सम्बन्धमा विद्यार्थीहरुलाई यो विषयमा शिक्षकले शिक्षण गर्दा कुन-कुन विधि तथा शैक्षिक सामग्री प्रयोग गर्दा शिक्षण प्रभावकारी हुनेछ भन्ने प्रश्नमा चारैवटा विद्यालयका विद्यार्थीहरुको प्रायः एउटै भनाई पाइयो जस अनुसार व्याख्यान विधि भन्दा अवलोकन, प्रयोगात्मक, प्रदर्शन, छलफल, समस्या समाधान क्षेत्र भ्रमण विधि प्रयोग भएमा विषयवस्तु बुझ्न सजिलो हुने विद्यार्थीहरुले बताएका थिए । त्यस्तै विषयवस्तुको प्रकृति हेरि शिक्षण विधिको प्रयोग गर्नुपर्ने देखिन्छ । त्यसैगरी शैक्षिक सामग्रीको सन्दर्भमा हरेक पाठका

लागि उपयुक्त शिक्षण विधिको साथसाथै शैक्षिक सामग्रीको छनोट गरी शिक्षण गरिनु पर्दछ । शैक्षिक सामग्री यस विषयको लागि प्रयाप्त मात्रामा उपलब्ध गराउनको लागि विद्यालयमा छुट्टै शैक्षिक सामग्री कोषको स्थापना गर्नुपर्दछ । तब मात्र शिक्षण विधि तथा शैक्षिक सामग्री शिक्षणमा प्रयोग गर्दा आउने समस्या समाधान गर्न सकिने कुरा विद्यार्थीहरुले बताए ।

त्यसैगरी शिक्षकहरुको धारणा अनुसार सामाजिक विषयका हरेक पाठ्यवस्तुलाई उपुक्त शिक्षण विधि र शैक्षिक सामग्री प्रयोग गरी शिक्षणलाई प्रभावकारी बनाउनको निम्ति शिक्षकलाई समयमा नै शिक्षक निर्देशिका उपलब्ध गराउनुपर्दछ । शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोग सम्बन्धी तालिम नपाएका शिक्षकलाई यस विषयमा तालिमको व्यवस्था गर्नुपर्दछ र तालिम पाएका शिक्षकलाई पूनः ताजगी तालिमको समेत व्यवस्था गर्न सकेमा धेरै हदसम्म समस्या हल हुन सक्दछ । त्यस्तै शैक्षिक सामग्री विद्यालयमा प्रयाप्त मात्रामा हुन सकेको खण्डमा शिक्षण विधि अनुरुपका शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गर्न सकिने कुरा शिक्षकले बताउनु भएको थियो । यी समस्या समाधानको लागि शैक्षिक सामग्री खरिदका लागि विद्यालयमा छुट्टै कोषको व्यवस्था गरिनुपर्दछ भनी साझा प्रतिक्रिया शिक्षकहरुबाट पाइयो । यसै अनुरुप शिक्षा क्षेत्रमा दिन प्रतिदिन नयाँ-नयाँ प्रविधि र सीपका बारेमा आविष्कार भइरहेको अवस्थामा शिक्षकलाई तालिम तथा गोष्ठी सेमिनार मार्फत नयाँ सीप तथा प्रविधि हस्तान्तरण गर्न सकेको खण्डमा धेरे समस्याहरु समाधान हुने देखिन्छ ।

सामाजिक शिक्षा शिक्षणमा शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोगमा आइपरेका समस्या समाधानका उपाय सम्बन्धमा चारवटै विद्यालयमा प्रधानाध्यापकहरुबाट प्राप्त सूचना अनुसार विद्यालयमा सम्बन्धित विषयमा शिक्षण गर्ने शिक्षक दरबन्दीको व्यवस्था हुनुपर्दछ । त्यसपछि शिक्षकलाई सेवाकालीन तालिमको व्यवस्था हुनुपर्दछ । शैक्षिक सत्रको शुरुमा पाठ्यपुस्तक उपलब्ध गराउनु पर्दछ । शिक्षकले पाठको प्रकृति अनुसार शिक्षण विधिको प्रयोग गर्न अल्छि मान्नु हुँदैन । अवलोकन साथै भ्रमण विधि प्रयोग गर्न सम्बन्धित पक्षले आर्थिक सहयोग गर्नुपर्ने हुन्छ । यस विषयको लागि विद्यालयमा छुट्टै शैक्षिक सामग्री कोषको व्यवस्था उपलब्ध गराउनु पर्दछ । यी सबैको व्यवस्था गरी शिक्षकले शिक्षण गराउँदा विषयवस्तु अनुसारका व्याख्यान विधि नभई अन्य क्षेत्र भ्रमण विधि, अवलोकन विधि त्यस्तै शैक्षिक सामग्रीको उपलब्धता अनुसार प्रयोगात्मक, प्रदर्शन विधि प्रयोग गर्न शिक्षकलाई सजिलो हुने र समस्याको समाधान हुने कुरा चारैवटा विद्यालयका प्रधानाध्यापबाट साझा भनाई पाइयो ।

पुरक व्यक्तित्वहरुसँग गरिएको खुल्ला प्रश्नावलीका माध्यमबाट प्राप्त सूचना अनुसार शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोग सम्बन्धी समस्या समाधानमा अपनाइएका उपाय सम्बन्धमा सर्वप्रथम त शिक्षक नै सचेत हुनुपर्दछ । शिक्षकको लागि शिक्षण गर्ने सन्दर्भमा शिक्षक निर्देशिका समयमा उपलब्ध गराई यस विषयसँग सम्बन्धित शब्दकोष, डिक्सनरी जस्ता

सामग्री उपलब्ध भएमा अझ सजिलो हुने देखिन्छ । शिक्षण गर्दा कुन विधि प्रयोग गर्ने कस्ता शैक्षिक सामग्री प्रयोग गर्ने भन्ने कुरा पूर्ण रुपमा शिक्षकमा भर पर्ने हुँदा यसको लागि शिक्षक स्वयम् नै सक्षम हुनु पर्दछ । साथै माथिल्लो निकायबाट शिक्षकले शिक्षण गर्दा अपनाएको शिक्षण क्रियाकलापमा प्रयोग गरिएका शैक्षिक सामाग्रीको रेखदेख गरी शिक्षकको हौसला बढाउन विषयवस्तु अनुसारको शिक्षण विधि र शैक्षिक सामग्री प्रयोग गर्ने शिक्षकहरुलाई बेला बेलामा पुरस्कारको व्यवस्था गर्नुपर्दछ । त्यस्तै शिक्षकहरुलाई बेला बेलामा गोष्ठी, सेमिनारमा सहभागी गराउनु पर्दछ । त्यस्तै सामाजिक शिक्षा विषय शिक्षकलाई प्रयाप्त र उपयुक्त मात्रामा तालिम उपलब्ध गराउने हो भने समस्याहरु समाधान हुने कुरामा दुई मत हुन सक्दैन भनी प्रतिक्रिया दिएको पाइयो ।

**तालिका नं. २**

**सामाजिक शिक्षा विषयमा देखापरेका समस्याहरुको विभिन्न पक्षलाई समेटेर तयार पारिएको तालिका**

| शैक्षिक सामग्रीको समस्या | शिक्षण विधिका समस्या | तालिमको समस्या | समयको समस्या |
| --- | --- | --- | --- |
| • विषयवस्तु अनुसारका प्रयाप्त सामग्री नहुनु ।<br>• सामग्री व्यवस्थापनको लागि कोषको व्यवस्था नहुनु ।<br>• भएका शैक्षिक सामग्रीको पनि यथोचित प्रयोगमा ध्यान नदिनु ।<br>• सामग्रीको जतनमा चासो नराख्नु ।<br>• स्थानीय सामग्रीमा ध्यान नदिनु ।<br>• शैक्षिक सामग्रीको अनुगमन नहुनु ।<br>• शैक्षिक सामग्री संकलनमा विषय शिक्षकको चासो नहुनु । | • सबै शिक्षकमा विधिको ज्ञान नहुनु ।<br>• उपयुक्त विधिको छनौटमा चासो नदिनु ।<br>• समयको कारण देखाइ व्याख्यान विधिको बढी प्रयोग गर्नु ।<br>• धेरै विद्यार्थी संख्या भएको कारणले उपयुक्त विधिबाट शिक्षण गर्न असमर्थ हुनु ।<br>• उपयुक्त विधिबाट शिक्षण गर्ने शिक्षकलाई हौसला स्वरुप पुरस्कारको व्यवस्था नहुनु । | • सबै शिक्षकलाई शिक्षण सम्बन्धी तालिम नहुनु ।<br>• शैक्षिक सामग्री निर्माण तथा संकलन सम्बन्धी तालिम नहुनु ।<br>• पुर्नताजगी तालिमको व्यवस्था नहुनु ।<br>• आफ्नै स्वविवेकले काम गर्नुपर्ने अवस्था सिर्जना हुनु । | • कक्षामा विद्यार्थी संख्या धेरै हुनु ।<br>• विषयवस्तु धेरे हुनु ।<br>• विदा धेरै हुनु ।<br>• हप्तामा पाँच दिन मात्रै पढाइ हुनु ।<br>• ४५ मिनेटमा विविध शैक्षिक सामग्रीको प्रयोग गरी सबै विद्यार्थीमा धारणा विकास गर्नुपर्ने अवस्था हुनु । |

# परिच्छेद-पाँच
# प्राप्ति, निष्कर्ष र सुझाव

माध्यमिक तहमा सामाजिक शिक्षा विषय अध्यापन गर्ने शिक्षकको विषयप्रतिको धारणा बुझ्री शिक्षण सिकाई क्रियाकलापमा आइपरेका समस्या र तिनीहरुको समाधानका उपायहरु बुझ्ने उद्देश्यकासाथ राखिएको अध्ययनमा नमुना छनोट गरिएका विद्यालयबाट प्राप्त प्राथमिक तथा, द्वितीय स्रोतबाट प्राप्त सूचना तथा तथ्याङ्क संकलन गरी उक्त तथ्याङ्कको विश्लेषण र व्याख्या गर्दा निम्न अनुसारको प्राप्ति पाइयो जसको आधारमा निम्नानुसारकै निष्कर्षमा पूगि आइपरेका समस्याहरको समाधानको लागि देहायअनुसारको सुझाव प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

## ५.१ प्राप्ति

- सामाजिक शिक्षा विषय सम्बन्धित शिक्षकले शिक्षण नगरी अन्य विषयको विषय शिक्षकले सामाजिक शिक्षा शिक्षण गरेको पाइयो ।
- प्रयाप्त र उपयुक्त शैक्षिक सामग्री नभएको सामाजिक शिक्षा प्रति शिक्षकको रुचि नभएको पाइयो ।
- अन्य विषयका शिक्षकले सामाजिक शिक्षा अध्यापन गर्नुपर्ने भएकोले शिक्षण सिकाई प्रति रुचि नभएको पाइयो ।
- सामाजिक शिक्षा विषय ठूलो र शिक्षणको समयावधि कम भएकोले प्रभावकारी शिक्षण हुन नसकेको पाइयो ।
- शिक्षकलाई समयसमयमा तालिमको व्यवस्था नभएकोले चाख लाग्दो तरिकाले शिक्षण नभएको पाइयो ।
- सामाजिक शिक्षा विषय अध्यापन गर्दा पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक प्रयोग गरेको पाइयो ।
- अध्ययनको क्रममा चारवटै विद्यालयमा विद्यार्थी एवं शिक्षकसँग पाठ्यपुस्तक भएको तर शैक्षिक सत्रको शुरुमा प्रयाप्त रुपमा पाउन नसकेको पाइयो ।

- दुईवटा विद्यालयमा शिक्षक निर्देशिका प्रयोग गर्ने गरेको पाइएन । आजसम्म निर्देशिकाको खोजी नगरी हचुवाको भरमा पाठ्यपुस्तक शिक्षण गर्दै आएको पाइयो । प्रयोग गर्ने वातावरण अझै बनाउन सकिएको छैन ।

- पाठ्यपुस्तक चारवटै विद्यालयमा भएको तर सामाजिक विषयका प्रयाप्त पुस्तक नभएको पाइयो । साथै दैनिक पत्रपत्रिका र शिक्षा सम्बन्धी पत्रपत्रिकाहरु पनि नियमित नहुनुको साथै व्यवस्थित नभएको पाइयो ।

- विद्यालयमा शैक्षिक सामग्रीको उपलब्धता ज्यादै न्यून रहेको साथै भएका शैक्षिक सामग्री पनि यथोचित रुपमा प्रयोग नगरेको पाइयो ।

- विद्यालयमा शैक्षिक सामग्री निर्माण सम्बन्धी चासो कसैले पनि नलिएको पाइयो ।

- शिक्षकहरुले व्याख्यान विधिलाई बढी प्राथमिकता दिएको पाइयो । प्रदर्शन विधि, प्रयोगात्मक विधि, क्षेत्र भ्रमण विधि, छलफल विधि, अवलोकन विधिको प्रयोग भएको पाइएन ।

- विद्यार्थीहरुलाई भ्रमण विधिको प्रयोग गरी ऐतिहासिक स्थलहरु परिचित गराउन सबै विद्यालय सक्षम नभएको पाइयो ।

- शिक्षण सिकाइ क्रियाकलाप शिक्षक केन्द्रित विधिबाट भएको पाइयो साथै शिक्षक केन्द्रित विधिबाट विद्यार्थी निष्क्रिय रहेको पाइयो ।

- विद्यालयले सामाजिक शिक्षा विषयलाई अंग्रेजी, गणित, विज्ञान जस्ता विषयलाई जस्तो महत्व नदिएको पाइयो ।

- विद्यालय निरीक्षकले नियमित रुपमा विद्यालय निरीक्षण नगरेको पाइयो ।

## ५.२ निष्कर्ष

देशको पूरा बजेटको १७ प्रतिशत शिक्षा क्षेत्रमा लगानी भएता पनि विद्यालयको व्यवस्थापन तथा शैक्षिक उपलब्धिमा आशातित प्रगति हुन सकेको छैन । विद्यालयको आर्थिक स्रोत तथा भौगोलिक अवस्थितिले पनि शिक्षाको गुणस्तरमा प्रभाव पारेको देखिन्छ । सामाजिक शिक्षा विषय प्रति विषय शिक्षकको धारणा सकरात्मक भएता पनि भौतिक साधनको अप्रयाप्तता, समयानुकूल तालिमको अभाव, जीवन निर्वाह किसिमको सेवा, सुविधामा कमी आदि कारणले गर्दा लक्ष्य अनुसारको उपलब्धि हासिल हुन नसकेको पाइन्छ ।

विद्यालयमा विषय अनुसारको शिक्षक दरवन्दिको अभाव नै देखिन्छ । एउटा शिक्षकले धेरै विद्यार्थी (४० भन्दा बढी) भएको कक्षाकोठामा शिक्षण गर्दा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुन नसकेको पाइन्छ । निजामती सेवामा जस्तै शिक्षक सेवामा राम्रो सेवा, सुविधा नभएको कारण शिक्षक आफ्नो पेशा, काम र कर्तव्यप्रति इमान्दार र वफादार हुन नसकेको देखिन्छ । समुदायले अन्य पेशाको तुलनामा शिक्षण पेशालाई हेर्ने दृष्टिकोण भिन्न भएकोले र व्यक्तिलाई आर्थिक स्तरबाट मूल्याङ्कन गर्ने भएकोले अन्य गैरसरकारी संस्थाका कर्मचारी र निजामती सेवाका कर्मचारीको दाँजोमा शिक्षक पछाडि परेको देखिन्छ । शिक्षकलाई आवश्यक राजनैतिक दवाव र सेवामा स्थायित्व नभएर पनि शिक्षण क्रियाकलाप प्रभावकारी हुन नसकेको देखिन्छ ।

शिक्षण विधिको हकमा शिक्षकले व्याख्यान विधिलाई धेरे प्रयोग गरेको, त्यसको अलावा छलफल र प्रश्नोत्तर विधि पनि केही हदसम्म प्रयोग गरेको र अरु विधिलाई कहिलेकाहीँ मात्र प्रयोग गरेको पाइएको छ । तर समय, साधन र स्रोतको अभावमा सबै विधिहरुलाई प्रयोग गर्न नसकिएको तथ्य पाइन्छ । धेरैजसो शिक्षकले विषयवस्तु अनुसार उपयुक्त विधिको छनोट नै नगरी शैक्षिक सत्र भित्र कोर्ष सक्ने हिसाबले आ-आफ्नै तरिकाले शिक्षण गरेको पाइन्छ ।

शिक्षामा कम लगानी, सुपरिवेक्षणको कमी, तालिमको अभाव व्यवस्थापन समितिको कम सहयोग, जिल्ला कार्यालय र गैर सरकारी निकायबाट पहल कदमी नगरिएको र शिक्षकहरुले पनि विद्यार्थीहरुलाई स्थानीय स्रोत सामग्री निर्माण गर्ने प्रेरणा र प्रोत्साहन नदिएको कारण सर्वसुलभ तथा समुचित शैक्षिक सामग्री जुटाएर प्रभावकारी ढंगबाट शिक्षण क्रियाकलाप सञ्चालन गर्ने गरेको पाइएन भने अर्को तर्फ शैक्षिक सामग्री जुटाएर शिक्षण गर्ने र विना शैक्षिक सामग्री अध्यापन गर्नेको एकै तरिकाले मूल्याङ्कन हुने गरेकोले पनि शिक्षकले शैक्षिक सामग्रीलाई त्यति महत्व नदिएको पाइन्छ । विद्यार्थीको चौतर्फी विकास गरी प्रतिभाको प्रस्फुटन गराउन शिक्षकले उपयुक्त वातावरणको सिर्जना गरी सहजकर्ताको रुपमा सहि बटो देखाउनु पर्नेमा पेशाप्रति निर्भर नभई जागिर खाने काम मात्र गरेको पाइन्छ । त्यस्तै विद्यार्थीको निरन्तर मूल्याङ्कनलाई महत्व नदिएर आवधिक परीक्षालाई कक्षा उकाल्ने आधार बनाएको पाइन्छ जसले गर्दा हालको शिक्षा अव्यावहारिक भई शिक्षा क्षेत्रमा समस्या सिर्जना भएको पाइन्छ । देशमा गुणात्मक शिक्षाले गति र दिशा लिन सकेको छैन ।

### ५.३ सुझावहरु

- विद्यालयमा प्रभावकारी शिक्षणको लागि सामाजिक शिक्षा शिक्षण प्रति सकारात्मक सोच भएका शिक्षकहरुको व्यवस्था गर्नुपर्छ ।

- यस विषय शिक्षणको लागि सम्बन्धित विषयमा विशिष्टीकरण गरेको शिक्षक हुनुपर्छ ।
- लगानी अनुसारको प्रतिफल प्राप्त गर्न विद्यालयमा अनिवार्य रुपमा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकमा तथा अतिरिक्त सन्दर्भ सामग्रीको व्यवस्था गर्नुपर्दछ ।
- शिक्षकले व्याख्यान विधिको मात्र प्रयोग नगरी विषयवस्तु अनुसारको प्रदर्शन विधि, प्रयोगात्मक विधि, अभिनय विधि, प्रश्नोत्तर विध, छलफल विधि, क्षेत्रभ्रमण विधि, अवलोकन विधि प्रयोग गर्नुपर्दछ ।
- शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थी केन्द्रित विधिलाई प्राथमिकता दिनुपर्दछ ।
- सामाजिक विषय शिक्षकलाई शैक्षिक सामग्रीको निर्माण संकलन र प्रयोग बारे तालिमको व्यवस्था गर्नुपर्दछ ।
- विद्यार्थीलाई पनि शैक्षिक सामग्रीको निर्माण संकलन र प्रयोगबारे विषय शिक्षकले उत्प्रेरणा जगाउनु पर्दछ जसले गर्दा शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी भई निर्दिष्ट उद्देश्यहरु पूरा गर्न सहज हुन्छ ।
- सकेसम्म स्थानीय स्तरमा उपलब्ध हुने शैक्षिक सामग्रीको प्रयोगमा प्राथमिकता दिनुपर्दछ ।
- शैक्षिक सामग्रीको महत्व र प्रयोग प्रति विद्यार्थीको चाख जगाउन सुविधा सम्पन्न विद्यालयको अवलोकन गर्न लगाउनु पर्छ ।
- आर्थिक हिसाबले सम्भव भएसम्म आधुनिक विद्युतिय शैक्षिक सामग्रीको प्रयोगमा ध्यान दिनुपर्दछ ।
- शिक्षण सिकाई कार्यमा बढी भन्दा बढी शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गर्नुपर्छ ।
- सफल र प्रभावकारी शिक्षणको लागि कक्षाकोठामा विद्यार्थी संख्या ४० जना भन्दा बढी हुनु हुँदैन ।
- शिक्षण सिकाइलाई उद्देश्यमूलक बनाउन विद्यालयको वातावरण स्वच्छ र शान्त हुनुपर्छ ।

- विद्यालयले वार्षिक, अर्धवार्षिक र मासिक रुपमा पूरा हुने हिसाबले लक्ष्य र उद्देश्य निर्धारण गर्नुपर्छ ।

- सम्पूर्ण शिक्षकलाई तालिमको आवश्यकता भएकोले तालिम अप्राप्त शिक्षकहरुलाई सम्बन्धित निकायले तालिमको व्यवस्था गर्नु पर्छ ।

- विद्यालयको भौतिक पक्षलाई सुधार गर्नुपर्छ ।

- शिक्षक आफ्नो पेशाप्रति वफादार र इमान्दार रही आफूलाई विद्यार्थी समक्ष सफल सहजकर्ताको रुपमा उभ्याउन सक्नुपर्छ ।

- सामाजिक शिक्षा विषयलाई पनि शिक्षण गर्दा अरु विषय जतिकै महत्व दिनुपर्दछ ।

- शिक्षकले आफ्नो शिक्षण कलाको प्रयोग गरी पाठ्यवस्तु वातावरण र विद्यार्थीको मानसिकताको बीचमा तालमेल मिलाउन सक्नुपर्छ ।

# सन्दर्भसामग्री

अधिकारी, विष्णुप्रसाद (२०६६), *माध्यमिक तह, अध्यापन अनुमति पत्र परीक्षा दर्पण,* काठमाडौँ : आशिष पुस्तक भण्डार ।

उपाध्याय, श्रीरामप्रसाद (२०४९), *इतिहास शिक्षण विधि,* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

कैयूम, अब्दुल (२०६६/६७), *सामाजिक अध्ययन शिक्षण,* काठमाडौँ : प्रशान्ति प्रकाशन ।

खनाल, पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : सनलाइट पब्लिकेसन (स्टुडेन्टस बुक्स) ।

खनाल, श्रीप्रसाद (२०६४), *पाठ्यक्रम सिद्धान्त, कीर्तिपुर,* काठमाडौं : जुपिटर पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स एण्ड प्रा.लि. ।

जवरा, स्वयंप्रकाश र अन्य (२०५८), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

ठाकुर, इन्द्रदेव (२०६५), *सामाजिक अध्ययन शिक्षण,* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

ढकाल, डिल्लीप्रसाद (२०५७), *काठमाडौं जिल्लाका सार्वजनिक विद्यालयहरुका सामाजिक शिक्षा शिक्षण विधि र विद्यार्थी उपलब्धी सम्बन्धी एक अध्ययन,* स्नातकोत्तर तह दोस्रो वर्षको शोधपत्र, त्रि.वि.वि. शिक्षाशास्त्र संकाय ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *विद्यालय स्तरीय मूल्याङ्कन सहयोगी सामग्री,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

*पाठ्यक्रम विकास केन्द्र* (२०६५), प्राथमिक शिक्षा पाठ्यक्रम : पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *माध्यमिक शिक्षा पाठ्यक्रम भाग–१,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाँडे, रामकुमार (२०५४), *सामाजिक शिक्षा सिद्धान्त र शिक्षण,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

पाँडे, रामकुमार (२०३५), *सामाजिक शिक्षा सिद्धान्त र शिक्षण,* वाराणसी गोपाल प्रेस, नदखेर ।

प्रधान, कल्याणी (२०६६), *सामाजिक अध्ययन शिक्षण,* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

सामाजिक अध्ययन कक्षा ९ (२०६५), सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

सामाजिक अध्ययन कक्षा १० (२०६५), सानोठिमी भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

सिंह, नागेश्वर (२०६५), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाडौं : पैरवी प्रकाशन ।

शर्मा, गोपिनाथ (२०५९), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु,* काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।

श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षा विभाग (२०६०), *सामाजिक शिक्षा शिक्षक स्रोत सामग्री,* सानोठिमी, भक्तपुरः शैक्षिक सामग्रि शाखा ।

Aggrawal J.C. (2000). *Teaching of Social Studies.* India : Vikash Publishing House Pvt. Ltd.

Kochar, S.K. (2000). *The Teaching of Social Studies*. New Delhi: Sterling Publishers.

## अनुसूची - १

### समावेश विद्यालयहरुको विवरण

| क.सं. | विद्यालयको नाम | छात्रा संख्या | छात्र संख्या | कक्षा ९ मा | जम्मा विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री भीम उच्च मा.वि. दोलखा | १९४ | २६६ | ८० | ४६० |
| २ | श्री कालिञ्चोक उच्च मा.वि., चरिकोट, दोलखा | ३६० | ३३९ | १२० | ६९९ |
| ३ | श्री कुटिडाँडा उच्च मा.वि., मकैवारी, दोलखा | २३५ | ३६६ | ९० | ६०१ |
| ४ | श्री पशुपति कन्या मा.वि., पशुपति डाँडा, चरिकोट, दोलखा | ३६० | – | ७५ | ३६० |

## अनुसूची - २

### समावेश प्र.अ.रुको विवरण

| क.सं. | विद्यालयको नाम | प्र.अ.को नाम | योग्यता | अनुभव वर्ष |
|---|---|---|---|---|
| १ | श्री भीम उच्च मा.वि. दोलखा | श्री इश्वरी प्रसाद दाहाल | एम.ए., बि.एड. | १८ वर्ष |
| २ | श्री कालिञ्चोक उच्च मा.वि., चरिकोट, दोलखा | श्री कृष्ण बहादुर गौतम | एम.एड. | १९ वर्ष |
| ३ | श्री कुटिडाँडा उच्च मा.वि., मकैवारी, दोलखा | श्री शंकरलाल श्रेष्ठ | एम.एड. | २१ वर्ष |
| ४ | श्री पशुपति कन्या मा.वि., पशुपति डाँडा, चरिकोट, दोलखा | श्री गोविन्द नारायण मानन्धर | एम.ए., बि.एड. | १५ वर्ष |

## अनुसूची - ३

## समावेश विद्यालय र शिक्षकको विवरण

| क्र.सं. | विद्यालयको नाम | शिक्षकको नाम | योग्यता | अनुभव वर्ष | स्थायी/ अस्थायी |
|---|---|---|---|---|---|
| १ | श्री भीम उच्च मा.वि. दोलखा | श्री अवतार ढकाल | बि.एड. | १० वर्ष | अस्थायी |
| २ | श्री कालिञ्चोक उच्च मा.वि., चरिकोट, दोलखा | श्री शम्भु गौतम | एम.ए. . | १३ वर्ष | स्थायी |
| ३ | श्री कुटिडाँडा उच्च मा.वि., मकैवारी, दोलखा | श्री ध्रुवकुमार खड्का | बि.एड. | १८ वर्ष | स्थायी |
| ४ | श्री पशुपति कन्या मा.वि., पशुपति डाँडा, चरिकोट, दोलखा | श्री भुपेन्द्र गजाघर खड्का | एम.एड. | १६ वर्ष | स्थायी |

## अनुसूची - ४

## समावेश विद्यालयका विद्यार्थीहरुको विवरण

**विद्यालय : श्री भीम उच्च मा.वि., दोलखा**

| क्र.सं. | विद्यार्थीको नाम | उमेर | ठेगाना |
|---|---|---|---|
| १ | लक्ष्मण थामी | १५ | भी.न.पा. ३, डोकथली, दोलखा |
| २ | प्रमिला जोशी | १३ | भी.न.पा. २, पाखलती, दोलखा |
| ३ | सुदर्शन सुवेदी | १४ | भी.न.पा. ३, राम्पा, दोलखा |
| ४ | अमिर थामी | १६ | भी.न.पा. ३, चारथली, दोलखा |
| ५ | सृजना शाही | १३ | भी.न.पा. ४, दोलखा |
| ६ | गीता दाहाल | १५ | भी.न.पा. ३, चारथली, दोलखा |
| ७ | सन्तोष तामाङ | १४ | भी.न.पा. ४, गगरस, दोलखा |
| ८ | कविता उप्रेती | १५ | भी.न.पा. ३, थारथली, दोलखा |
| ९ | दिपेश बस्नेत | १३ | भी.न.पा. १०, चरिकोट, दोलखा |
| १० | रीजा थामी | १४ | भी.न.पा. ३, चारथली, दोलखा |

**विद्यालय : श्री कालिञ्चोक उच्च मा.वि., चरिकोट, दोलखा**

| क्र.सं. | विद्यार्थीको नाम | उमेर | ठेगाना |
|---|---|---|---|
| १ | रमना भण्डारी | १३ | भी.न.पा. १, पशुपतिडाँडा, दोलखा |
| २ | सृजना बुढाथोकी | १४ | भी.न.पा. १, सातदोबाटो, दोलखा |
| ३ | कुमार श्रेष्ठ | १३ | भी.न.पा. १, वसपार्क, दोलखा |
| ४ | दिलबहादुर थामी | १३ | भी.न.पा. २, तिखातल, दोलखा |
| ५ | चक्र बहादुर लामा | १५ | भी.न.पा. १, चरिघ्याङ्ग, दोलखा |
| ६ | आइती माया थामी | १४ | भी.न.पा. १, पशुपतिडाँडा, दोलखा |
| ७ | उषा तामाङ | १५ | बोच गा.वि.स. वडा नं. २, दोलखा |
| ८ | सर्मिला रिजाल | १४ | भी.न.पा. १०, रामकोट, दोलखा |
| ९ | बिक्रम बोहरा | १४ | भी.न.पा. १, वसपार्क, दोलखा |
| १० | सुजन पाठक | १५ | भी.न.पा. १, पशुपतिडाँडा, दोलखा |

**विद्यालय : श्री पशुपति कन्या मा.वि., पशुपतिडाँडा, दोलखा**

| क्र.सं. | विद्यार्थीको नाम | उमेर | ठेगाना |
|---|---|---|---|
| १ | सम्झना चौलागाई | १४ | भी.न.पा. १, बीचबजार, दोलखा |
| २ | निशा के.सी. | १४ | भी.न.पा. १, तारथली, दोलखा |
| ३ | लक्ष्मी चौलागाई | १५ | भी.न.पा. १, चिसापानी, दोलखा |
| ४ | सुप्रदा श्रेष्ठ | १३ | भी.न.पा. १०, घ्यावापानी, दोलखा |
| ५ | सोनु श्रेष्ठ | १३ | भी.न.पा. ६, बुस्ति, दोलखा |
| ६ | फुदेकी शेर्पा | १५ | चङ्खु ४, थङ्खु, दोलखा |
| ७ | रिदिमा श्रेष्ठ | १४ | भी.न.पा. ८, घोक्सिला, दोलखा |
| ८ | मनिता दाहाल | १४ | भी.न.पा. ७, जिलु, दोलखा |
| ९ | सचिना न्यौपाने | १५ | भी.न.पा. १०, रामकोट, दोलखा |
| १० | जोनी पाखिम | १५ | भी.न.पा. १, वसपार्क, दोलखा |

**विद्यालय : श्री कुटिडाँडा उच्च मा.वि., मकैवारी, दोलखा**

| क.सं. | विद्यार्थीको नाम | उमेर | ठेगाना |
|---|---|---|---|
| १ | दिक्षा दुलाल | १५ | काटाकुटी, गा.वि.स. ६ |
| २ | आङदोर्जे शेर्पा | १६ | सुस्पा गा.वि.स. ९ |
| ३ | प्रदिप दाहाल | १३ | मकैवारी भी.न.पा. १३ |
| ४ | राजु बस्नेत | १३ | भी.न.पा. १३, शाखिने, दोलखा |
| ५ | विष्णु लामा | १५ | भी.न.पा. १०, चोथाङ, दोलखा |
| ६ | अस्मिता कार्की | १५ | भी.न.पा. १३, मकैवारी, दोलखा |
| ७ | सुविता लामा | १४ | भी.न.पा. १२, पूवाले, दोलखा |
| ८ | दिनेश मगर | १४ | भी.न.पा. १३, मकैवारी, दोलखा |
| ९ | मनिष बस्नेत | १५ | भी.न.पा. १३, मकैवारी, दोलखा |
| १० | श्री माया लामा | १४ | भी.न.पा. १३, शाखिने, दोलखा |

## अनुसूची - ५
## विद्यार्थीसँगको समूह छलफल निर्देशिका

विद्यालयको नाम :–

कक्षा :-

विद्यार्थीको नाम :-

१. सामाजिक शिक्षा विषय हप्तामा कति दिन पढाई हुन्छ ?

.......................................................................................................

२. सामाजिक अध्ययन विषयभित्र के कस्ता विषयहरु पर्दछन् ?

.......................................................................................................

३. यो विषय अध्ययन गर्दा तिमीहरुलाई रमाइलो लाग्छ वा नरमाइलो लाग्छ ? यदि नरमाइलो लाग्नाको कारण के होला ?

.......................................................................................................

४. यो विषय शिक्षकले राम्रोसँग अध्यापन गराउनु भएको छ ? यदि तिमीहरुलाई नराम्रो लाग्छ भने त्यसको कारण के होला ?

.......................................................................................................

५. तिम्रो विद्यालयमा सामाजिक शिक्षा विषयका शैक्षिक सामग्री प्रयाप्त छन् ?

.......................................................................................................

६. शिक्षकले सामाजिक शिक्षा विषय शिक्षण गर्दा प्राय कुन-कुन शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोग गर्नुहुन्छ ?

.......................................................................................................

७. शिक्षकले शिक्षण गर्दा तिमीहरुलाई पनि शैक्षिक सामग्री बनाउन लगाउनु भएको छ ?

.......................................................................................................

८. शिक्षकले शिक्षण गर्दा विषयवस्तु अनुसारको शिक्षण विधि तथा शैक्षिक सामग्री प्रशंगवस प्रयोग गर्नुहुन्छ ?

.......................................................................................................

९. शिक्षकले सामाजिक शिक्षा विषय शिक्षणमा शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोग गर्दा र नगर्दा विषयवस्तु कस्तो रुपमा बुझ्ने गरेका छौ ?

.............................................................................................................

१०. यो विषय शिक्षण गर्दा प्रयोग गर्ने शिक्षण विधि तथा शैक्षिक सामग्री सम्बन्धी देखिएका समस्याहरु के-के होलान् ?

.............................................................................................................

११. तिमीहरुको विचारमा यी समस्याहरु कसरी समाधान गर्न सकिएला ?

.............................................................................................................

१२. सामाजिक शिक्षा विषय कसरी पढाउँदा तिमीहरुलाई सजिलो र रुचिकर लाग्दछ ?

.............................................................................................................

१३. सामाजिक शिक्षा विषय शिक्षकको सम्बन्धमा तिमीहरुलाई केही भन्नु छ ?

.............................................................................................................

## अनुसूची - ६

## सामाजिक शिक्षा विषय शिक्षकका लागि प्रश्नावली

शिक्षकको नाम :-

विद्यालयको नाम : -

ठेगाना :-

१. तपाईको शैक्षिक योग्यता कति हो ?

..........................................................................................................

२. तपाईको शिक्षण अनुभवमा सामाजिक शिक्षा विषय शिक्षण गर्दा कस्तो लागेको छ ? किन त्यस्तो अनुभव गर्नु भएको हो ?

..........................................................................................................

३. तपाईले शिक्षण अवधिभर कुनै तालिम लिनु भएको छ ?

..........................................................................................................

४. तपाईले सामाजिक विषय बाहेक अन्य कुनै विषय शिक्षण गर्नु भएको छ ?

..........................................................................................................

५. तपाईको विचारमा सामाजिक शिक्षा विषय कति व्यवहारिक छ ? यदि छैन भने किन होला ?

..........................................................................................................

६. सामाजिक शिक्षा विषयमा कुन कुन क्षेत्रका विषयवस्तुहरु समावेश भएका छन् ?

..........................................................................................................

७. तपाईलाई सामाजिक शिक्षा शिक्षण प्रति कत्तिको रुचि छ ? यदि रुछि छैन भने किन रुचि नभएको होला ?

..........................................................................................................

८. तपाईलाई सामाजिक शिक्षा शिक्षण प्रति रुचि लाग्नुको कारण के हो ?

..........................................................................................................

९. रुचि विनाको शिक्षण कस्तो ठान्नु हुन्छ ? किन ?

..........................................................................................................

१०. तपाईले सामाजिक शिक्षा शिक्षणमा रुचि बढाउने केही उपाय देख्नुहुन्छ ?

.............................................................................................................

११. तपाई सामाजिक शिक्षा शिक्षणप्रति आत्मासन्तुष्टि हुनुहुन्छ ?

.............................................................................................................

१२. यदि तपाई सामाजिक शिक्षा शिक्षणप्रति आत्मा सन्तुष्टि हुनुहुन्छ भने किन ? र हुनु हुँदैन भने किन ?

.............................................................................................................

१३. तपाईलाई सामाजिक शिक्षा शिक्षण प्रति केही भन्नु छ ?

.............................................................................................................

**शिक्षण विधिको सम्बन्धमा**

१. शिक्षण विधि भन्नाले के बुझ्नु हुन्छ ?

.............................................................................................................

२. तपाईले सामाजिक विषयको शिक्षणमा के कस्ता विधिहरु प्रयोग गर्दै आउनु भएको छ ?

.............................................................................................................

३. यो विषय शिक्षणमा के-कस्ता विधि प्रयोग गर्नु उपयुक्त होला ? र किन ?

.............................................................................................................

४. विद्यार्थीहरुलाई समय-समयमा शैक्षिक भ्रमण विधि पनि प्रयोग गराउनु भएको छ ?

.............................................................................................................

५. तपाईले शिक्षण विधि प्रयोगका सम्बन्धमा केही समस्या देख्नुहुन्छ ?

.............................................................................................................

६. यदि समस्या देख्नुभएको छ भने त्यस्ता शिक्षण विधि प्रयोगमा देखिएका समस्यालाई कसरी समाधान गर्नुहुन्छ ?

.............................................................................................................

**शैक्षिक सामग्रीको सम्बन्धमा**

१. तपाईले शिक्षक निर्देशिका प्राप्त गर्नुभएको छ ?

..............................................................................................

२. प्राप्त गर्नु भएको छ भने कहाँबाट प्राप्त गर्नुभयो ?

..............................................................................................

३. सामाजिक शिक्षा शिक्षणमा शैक्षिक सामग्रीको आवश्यकता छ कि छैन ?

..............................................................................................

४. तपाईले यो विषय शिक्षणमा के-कस्ता शिक्षण सामग्री प्रयोग गर्दै आउनु भएको छ ?

..............................................................................................

५. यो विषय शिक्षणका लागि आवश्यक सामग्री विद्यालयमा उपलब्ध छन् कि छैनन् ?

..............................................................................................

६. उपलब्ध शैक्षिक सामग्री कहाँबाट प्राप्त गर्नु भयो ?

..............................................................................................

७. आवश्यक परेको समयमा विद्यालयले शैक्षिक सामग्री उपलब्ध गराउँछ कि गराउँदैन ?

..............................................................................................

८. शिक्षणको क्रममा आफूले पनि शैक्षिक सामग्री निर्माण गर्नु भएको छ ?

..............................................................................................

९. शैक्षिक सामग्रीको रुपमा स्थानीय स्रोत र साधनको उपयोग शिक्षणमा के-कस्तो रुपमा गर्नु भएको छ ?

..............................................................................................

१०. शैक्षिक सामग्रीको अभावमा शिक्षण गर्दा कस्तो अनुभव गर्नु भयो ?

..............................................................................................

११. शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्दा कस्तो अनुभव पाउनु भयो ?

..............................................................................................

१२. सामाजिक शिक्षा शिक्षणमा धेरे जसो कुन-कुन शैक्षिक सामग्री प्रयोग गर्नु हुन्छ ?

.............................................................................................................

१३. शैक्षिक सामग्री उपलब्धतामा देखिएका समस्याहरु के-के पाउनु भयो ?

.............................................................................................................

१४. शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्याहरु के-के पाउनु भयो ?

.............................................................................................................

१५. शैक्षिक सामग्री उपलब्धता निर्माण तथा प्रयोगमा आइ परेका समस्याहरु कसरी निराकरण गर्न सकिन्छ ?

.............................................................................................................

१६. शैंक्षिक सामग्री संकलन, निर्माण एवंम प्रयोगमा विद्यार्थीलाई कसरी सहभागी गराउनुहुन्छ ?

.............................................................................................................

१७. विद्यार्थीलाई कस्ता-कस्ता शैक्षिक सामग्री निर्माण संकलन एवंम प्रयोगमा सहभागी गराउनुहुन्छ ?

.............................................................................................................

१८. शैक्षिक सामग्री उपलब्धता, निर्माण एवम् प्रयोग गर्दा गर्नुपर्ने केही सुधारहरु छन् ?

.............................................................................................................

## अनुसूची - ७

## प्रधानाध्यापकको लागि खुल्ला अन्तर्वार्ता सूची

विद्यालयको नाम :-

ठेगाना : -

शिक्षकको नाम :-

१. विद्यालयमा सामाजिक शिक्षा विषय शिक्षकको पर्याप्तता कस्तो छ ?

.......................................................................................................

२. सामाजिक शिक्षा शिक्षणको लागि शिक्षकको विषयप्रति रुचि कस्तो हुनुपर्दछ ?

.......................................................................................................

३. यो विषय शिक्षकको विषयप्रति रुचि नहुनाको कारण तपाईलाई के लाग्छ ?

.......................................................................................................

४. यो विषय शिक्षकको विषयप्रति रुचि वा चाख बढाउन के गर्नुपर्ला ?

.......................................................................................................

५. चाख विना गरिएको शिक्षण तपाई कस्तो मान्नुहुन्छ ?

.......................................................................................................

६. तपाईको विद्यालयका सामाजिक विषय शिक्षक शिक्षणप्रति आत्मसन्तुष्ट हुनुहुन्छ जस्तो लाग्छ वा लाग्दैन ?

.......................................................................................................

७. सामाजिक विषय शिक्षकले तपाई सामु केही गुनासो गर्नुभएको छ ?

.......................................................................................................

८. सामाजिक शिक्षा विषयको कक्षा अवलोकन समय-समयमा गर्नुभएको छ ?

.......................................................................................................

९. यदि कक्षा शिक्षण अवलोकन गर्नु भएको छ भने शिक्षकले शिक्षण गर्दा प्रायः कुन-कुन शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोग गरेको पाउनु भयो ?

.......................................................................................................

१०. शिक्षकले शिक्षण गर्दा विषयवस्तु अनुसार उपयुक्त शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोग गरेको पाउनु भएको छ ?

.....................................................................................................

११. तपाईको विचारमा सामाजिक शिक्षा विषयको लागि प्राय गरेर कुन-कुन शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोग गर्नु पर्दछ जस्तो लाग्दछ ?

.....................................................................................................

१२. शिक्षकले सामाजिक शिक्षा विषय शिक्षण गर्दा शैक्षिक सामग्रीको रुपमा स्थानीय स्रोत वा साधनलाई पनि उपयोग गरेको पाउनु भएको छ ? वा छैन ?

.....................................................................................................

१३. यहाँको विद्यालयमा शैक्षिक सामग्री जुटाउनको लागि कुन-कुन पक्ष समेट्नु भएको छ ?

.....................................................................................................

१४. शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोग सम्बन्धी समस्या देख्नुहुन्छ ?

.....................................................................................................

१५. शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोग सम्बन्धी समस्या समाधानका उपायहरु के के हुन सक्छन् ?

.....................................................................................................

## अनुसूची - ८

## पुरक व्यक्तित्वका (विद्यालय निरीक्षक, स्रोत व्यक्ति तथा अन्य उत्तरदाता) लागि अन्तर्वाता निर्देशिका

१. माध्यमिक तहमा अध्यापनरत सामाजिक विषय शिक्षकको बारेमा केही भन्न चाहनुहुन्छ ?

...........................................................................................................

२. सामाजिक विषय शिक्षक कस्तो खालको हुनुपर्दछ जस्तो लाग्दछ ?

...........................................................................................................

३. कक्षा सिकाई अभ्यास कसरी गर्दा शिक्षण प्रभावकारी र उद्देश्यपूर्ण हुन्छ ?

...........................................................................................................

४. सामाजिक शिक्षा शिक्षणका क्रममा शिक्षण विधिको प्रयोग के-कस्तो रुपमा रहेको छ ?

...........................................................................................................

५. शैक्षिक सामग्रीको उपलब्धतामा कुन-कुन पक्षलाई समेट्न सकिन्छ जस्तो लाग्दछ ?

...........................................................................................................

६. सामग्रीको उपलब्धता र प्रयोगमा देखिएका राम्रा पक्षहरु के-के हुन् ?

...........................................................................................................

७. सामग्रीको उपलब्धता र प्रयोगमा देखिएको नराम्रा पक्षहरु के-के हुन् ?

...........................................................................................................

८. सामाजिक शिक्षा विषय शिक्षणका क्रममा शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोग सम्बन्धी देखिएका समस्याहरु के-के हुन् ?

...........................................................................................................

९. शिक्षण विधि तथा शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या समाधानका लागि के-कस्ता कदम चाल्न सकिन्छ ?

...........................................................................................................

१०. सामाजिक शिक्षा शिक्षणका सम्बन्धमा शिक्षकले शिक्षक निर्देशिकाको प्रयोग कत्तिको गर्नु भएको पाउनु भएको छ ?

..........................................................................................................

११. यहाँको विचारमा सामाजिक विषय शिक्षकको विषयप्रति रुचि वा चाख नहुनुको वा हुनुको कारण के लाग्छ ?

..........................................................................................................

१२. सामाजिक शिक्षा विषय शिक्षकको विषयप्रति रुचि बढाउनको लागि केही उपायहरु छन् ?

..........................................................................................................

१३. शिक्षकले चाख विना शिक्षण क्रियाकलाप गराउँदा तपाइको विचारमा कस्तो लाग्दछ ?

..........................................................................................................

१४. सामाजिक शिक्षा शिक्षण गर्न शिक्षकको विषयप्रति रुचि बढाउने उपायहरु के-के हुन सक्लान् ?

..........................................................................................................

## अनुसूची - ९

## शिक्षकको कक्षा शिक्षण अवलोकन फाराम

शिक्षकको नाम :-

ठेगाना :-

शिक्षण अनुभव :-

शैक्षिक योग्यता :-

तालिम :-

विषय :-

पाठको नाम :-

पाठको उद्देश्य :-

| क.सं. | विषय | अति उत्तम | उत्तम | मध्यम | निम्न | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षकको व्यक्तित्व | | | | | |
| | (क) सफासुग्घर<br>(ख) आत्मविश्वास<br>(ग) बोलिको स्पष्टता<br>(घ) भाषाको शुद्धता | | | | | |
| २ | पाठको प्रारम्भ | | | | | |
| | (क) कक्षा व्यवस्थापन<br>(ख) पाठप्रति रुचिजागरण<br>(ग) पूर्व पाठमा आधारित | | | | | |
| ३ | पाठको प्रस्तुतीकरण | | | | | |
| | (क) विषयवस्तुको ज्ञान<br>(ख) पाठको क्रमबद्धता<br>(ग) उदाहरणमा उपयुक्तता<br>(घ) पाठ्यक्रमसँगको सम्बन्ध | | | | | |
| ४ | विद्यार्थी क्रियाकलाप | | | | | |
| | (क) विद्यार्थी सक्रियता<br>(ख) प्रश्नोत्तर, विद्यार्थी अनुशासन | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | शैक्षिक सामग्री प्रयोग | | | | | |
| | (क) स्पष्ट देखिने<br>(ख) स्पष्ट बुझाउने<br>(ग) पाठमा सम्बन्धित<br>(घ) प्रयोगमा उपयुक्तता | | | | | |
| ६ | कालोपाटीको प्रयोग | | | | | |
| ७ | शिक्षकको क्रियाकलाप | | | | | |
| | (क) व्याख्यान<br>(ख) प्रदर्शन<br>(ग) शिक्षक केन्द्रित<br>(घ) वद्यार्थी केन्द्रित | | | | | |
| ८ | शिक्षण विधिको उपयुक्तता | | | | | |
| ९ | मूल्याङ्कन | | | | | |
| | (क) पाठको उद्देश्य प्राप्ति<br>(ख) मूल्याङ्कनका साधन र उपयुक्तता<br>(ग) गृहकार्य | | | | | |